# गण्डकी प्रदेश सरकार

# प्रदेश आर्थिक सर्वेक्षण

गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना










प्रदेश सरकारको बजेट र राजस्व सन्तुलनको प्रवृत्ति




## गण्डकी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

## पोखरा, नेपाल

# प्रदेश आर्थिक सर्वेक्षण सम्बन्धमा

गण्डकी प्रदेशको आर्थिक सामाजिक अवस्थाको प्रतिबिम्ब दर्शाउने उद्देश्यले आर्थिक वर्ष २०७८/७९ देखि वार्षिक बजेट पेश गर्नुभन्दा अघि प्रदेश आर्थिक सर्वेक्षण सार्वजनिक गर्ने कार्यको शुरुवात गरिएको छ। संघीयता कार्यान्वयन भएपश्चात् अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ ले समेत प्रदेशको आर्थिक सर्वेक्षण प्रदेश सभामा पेश गर्न सक्ने व्यवस्था गरेको छ।

प्रदेश आर्थिक सर्वेक्षण २०७९/८० मा प्रयोग भएका तथ्याङ्क, विवरण एवम् सूचना प्रदेश सरकारका विषयगत मन्त्रालय, निकाय र विभिन्न संघ/संस्थाबाट प्राप्त तथा प्रकाशित प्रतिवेदन, विवरण, जानकारी, तथ्याङ्क, तथ्य र सूचनाबाट प्राप्त भएका हुन्। प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा गरी चार्ट, तालिका र अनुसूची तयार गरिएका हुन्।

प्रदेश सरकारको स्थापनाको पाँच वर्ष पूरा भई छैठौं वर्षमा सञ्चालन भइरहेको अवस्थामा स्थापना कालदेखिका तथ्याङ्क सर्वेक्षणमा समावेश गर्ने प्रयत्न गरिएको छ। यद्यपि, तथ्याङ्क व्यवस्थापनका लागि छुट्टै निकायको व्यवस्था नहुँदा नतिजामूलक तथ्याङ्कको अभाव महसुस गरिएको छ। यसभन्दा अघिको आर्थिक सर्वेक्षण तथा थप तथ्याङ्क एवम् सूचना अद्यावधिक गरी राखिएकाले यस अघिका तथ्याङ्कसँग केही फरक पर्न सक्नेछ।

प्रदेश आर्थिक सर्वेक्षणलाई थप वस्तुपरक एवम् विश्लेषणात्मक बनाउन नयाँ विषयवस्तु समेट्ने प्रयास गरिएको छ। सम्भव भएसम्म फागुन महिनाको तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ भने विषय क्षेत्र तथा तथ्याङ्क उपलब्धताका आधारमा असार मसान्त, शैक्षिक सत्र, वर्ष एवम् उपलब्ध तथ्याङ्कलाई समेटी सर्वेक्षण तयार गरिएको छ। प्रदेश सरकारको राजस्वमा प्रदेश सरकारको आन्तरिक राजस्व (स्थानीयबाट प्राप्त समेत) र संघ सरकारबाट प्राप्त राजस्व समावेश गरिएको छ। अन्य प्राप्ती शिर्षकमा गत आर्थिक वर्षको नगद मौज्दात तथा बेरुजु प्राप्तीको रकम समावेश गरिएको छ।

**गण्डकी प्रदेश सरकार**
**आर्थिक मामिला मन्त्रालय**
**जेठ, २०८०**

# प्राक्कथन

प्रदेश सरकारको आर्थिक गतिविधि एवम् सामाजिक स्थितिको प्रतिबिम्ब प्रस्तुत गर्ने उद्देश्यले प्रदेश आर्थिक सर्वेक्षण सार्वजनिक गरिएको छ। प्रदेश सरकारको स्थापना पश्चात् पाँच वर्ष पूरा भई छैठौं वर्षमा सञ्चालित प्रदेश सरकारलाई आर्थिक सामाजिक परिसूचकको उपलब्धताको अभावमा आर्थिक सर्वेक्षण सार्वजनिक गर्नु चुनौतीपूर्ण रह्यो। यद्यपि, नेपाल सरकारका प्रकाशित प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क विभाग र कार्यालयबाट प्राप्त खण्डीकृत तथ्याङ्क, क्षेत्रगत मन्त्रालयबाट प्राप्त प्रगति तथा नतिजा विवरण र विभिन्न सार्वजनिक निकायका अद्यावधिक तथ्याङ्क, अध्ययन प्रतिवेदन तथा प्रमाणित तथ्यका आधारमा विश्लेषण गरिएको छ।

चालु आर्थिक वर्षमा समग्र राष्ट्रको अर्थतन्त्रमा परेको दबाबको प्रभाव प्रदेशमा पनि परेको छ। अपेक्षाकृत रूपमा प्रदेशको आर्थिक वृद्धिदर हासिल हुन नसके तापनि प्रदेशगत तुलनामा सबैभन्दा बढी आर्थिक वृद्धिदर गण्डकी प्रदेशको रहेको छ। आर्थिक विकासका साथै केही सामाजिक क्षेत्रमा पनि उपलब्धि हासिल भएको छ। आधारभूत खानेपानीको पहुँच विस्तार, केही कृषि उत्पादन र क्षेत्रफल विस्तार, सामुहिक खेती प्रबर्द्धन, महिला सशक्तिकरण लगायतका आर्थिक तथा सामाजिक क्षेत्रमा प्रगति हासिल भएका छन्। तथापि, प्रदेश सरकारको पञ्चवर्षीय योजनाले लिएको लक्ष्य हासिल गर्न थप प्रयासको आवश्यकता छ।

अन्त्यमा गण्डकी प्रदेश सरकारको समग्र आर्थिक सामाजिक स्थितिका सम्बन्धमा जानकारी लिन तथा थप विश्लेषण गर्न चाहने सबै सरोकारवालालाई यो प्रकाशन उपयोगी हुने विश्वास लिइएको छ। प्रदेश आर्थिक सर्वेक्षण २०७९/८० तयार गर्ने क्रममा तथ्य, तथ्याङ्क, सूचना एवम् विवरण उपलब्ध गराई सहयोग गर्नुभएका सबै निकाय पदाधिकारी तथा सरोकारवाला, विश्लेषण कार्यमा सहयोग गर्नुभएका नेपाल सरकार, अर्थ मन्त्रालय तथा आर्थिक मामिला मन्त्रालयका कर्मचारी लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

जेठ, २०८०

**माननीय जीत प्रकाश आले मगर**
**मन्त्री**
**आर्थिक मामिला मन्त्रालय**

# विषय सूची


प्रदेश आर्थिक सर्वेक्षण सम्बन्धमा .......... I

प्राक्कथन .......... II

अनुसूची .......... IV

तालिका सूची .......... V

चार्ट सूची .......... VII

कार्यकारी सारांश .......... VIII

१. राष्ट्रिय तथा प्रादेशिक आर्थिक स्थिति .......... १

२. सार्वजनिक वित्त .......... ६

३. वित्तीय क्षेत्र .......... १३

४. कृषि, वन, भूउपयोग तथा वातावरण .......... १७

५. गरिबी निवारण,श्रम तथा रोजगारी .......... २५

६. ऊर्जा, सिञ्चाई तथा खानेपानी .......... २७

७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार .......... २९

८. उद्योग, वाणिज्य तथा पर्यटन .......... ३२

९. सामाजिक क्षेत्र .......... ३६

१०. सुशासन, शान्ति सुरक्षा, लैंगिक उत्तरदायी तथा जलवायु परिवर्तन बजेट र विविध .......... ४९

# अनुसूची


| | | | |
|---|---|---|---|
| अनुसूची १.१ | : | गण्डकी प्रदेशको वार्षिक मूल्य अभिवृद्धि, औद्योगिक वर्गीकरण अनुसार | ५५ |
| अनुसूची १. २ | : | नेपालको कुल ग्राहस्थ उत्पादनमा गण्डकी प्रदेशको योगदान, औद्योगिक वर्गीकरण अनुसारको संरचना | ५६ |
| अनुसूची १.३ | : | गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनको औद्योगिक वर्गीकरण अनुसारको संरचना | ५७ |
| अनुसूची १.४ | : | गण्डकी प्रदेशको औद्योगिक वर्गीकरण अनुसार कुल ग्राहस्थ उत्पादनको वृद्धिदर | ५८ |
| अनुसूची १.५ | : | गण्डकी प्रदेशको कृषि, उद्योग तथा सेवा क्षेत्रको संरचना तथा वृद्धिदर | ५९ |
| अनुसूची २.१ | : | गण्डकी प्रदेश सरकारको वित्तीय प्रगति | ६० |
| अनुसूची २.२ | : | प्रदेश सरकारको स्रोत विवरण | ६१ |
| अनुसूची २.३ | : | प्रदेश सरकारको आन्तरिक स्रोत विवरण | ६२ |
| अनुसूची २.४ | : | प्रदेश सरकारको साधन स्रोत तथा खर्चको स्थिति | ६३ |
| अनुसूची २.५ | : | बजेट सन्तुलन र राजस्व सन्तुलनको स्थिति | ६४ |

# तालिका सूची


तालिका २-क : प्रदेश सरकारको वित्तको आकार ........ ७
तालिका २-ख : प्रदेश सरकारको तुलनात्मक खर्च स्थिति ........ ८
तालिका २-ग : प्रदेश सरकारको आयको संरचना ........ ९
तालिका २-घ : संघ सरकारबाट प्राप्त अनुदानको खर्चगत उपलब्धि ........ १०
तालिका २-ङ : स्थानीय तहलाई वित्त हस्तान्तरण ........ ११
तालिका २-च : सवारी साधन कर सङ्कलन तथा बाँडफाँट ........ ११
तालिका ३-क : वित्तीय संस्थाका शाखा सङ्ख्या तथा प्रतिशाखा जनसङ्ख्या १३
तालिका ३-ख : बैङ्कहरूबाट भएको कर्जा लगानीको विस्तृत विवरण ........ १४
तालिका ३-ग : गण्डकी प्रदेशका सहकारीहरूको आर्थिक विवरण ........ १५
तालिका ३-घ : गण्डकी प्रदेशमा रहेका बिमकको शाखा सङ्ख्या ........ १६
तालिका ४-क : प्रमुख कृषि बालीको उत्पादन र क्षेत्रफलको स्थिति ........ १८
तालिका ४-ख : खाद्यान्न बालीको उत्पादन र क्षेत्रफल ........ १८
तालिका ४-ग : दलहन बालीको उत्पादन र क्षेत्रफल ........ १९
तालिका ४-घ : नगदेबाली उत्पादन र क्षेत्रफल ........ १९
तालिका ४-ङ : मसलाबालीको उत्पादन र क्षेत्रफल ........ २०
तालिका ४-च : फलफूल उत्पादन र क्षेत्रफल ........ २०
तालिका ४-छ : पशुपन्छीको विवरण ........ २०
तालिका ४-ज : दुध, अन्डा तथा मासु उत्पादन ........ २१
तालिका ४-झ : वन क्षेत्रको विवरण ........ २३
तालिका ४-ञ : वन तथा संरक्षित क्षेत्रको अवस्था र दिगो विकास लक्ष्य ........ २३
तालिका ४-ट : संकटापन्न अवस्थामा रहेका वनस्पती तथा प्राणी र तिनको संरक्षण लक्ष्य .... २४
तालिका ४-ठ : संकटापन्न अवस्थामा रहेका वनस्पती तथा प्राणी र तिनको संरक्षण लक्ष्य २४
तालिका ५-क : गण्डकी प्रदेशमा सामाजिक सुरक्षा कोषमा आवद्ध भएका रोजगारदाता तथा योगदानकर्ता ........ २६
तालिका ६-क : ऊर्जा क्षेत्रका उपलब्धी ........ २७
तालिका ६-ख : प्रदेश आवधिक योजनामा उर्जासम्बन्धीत सूचकको प्रगति अवस्था ........ २८
तालिका ६-ग : चैत मसान्तसम्मको तटबन्धन तथा जग्गा उकासको अवस्था ........ २८
तालिका ६-घ : निजी धारा जडानको विवरण ........ २८
तालिका ७-क : प्रदेशगत सडक सञ्जाल ........ २९
तालिका ७-ख : प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि ........ २९
तालिका ७-ग : गण्डकी प्रदेशमा दर्ता भएका विभिन्न किसिमका सवारीका साधनहरू ........ ३०

तालिका ७-घ : नेपाल टेलिकमले प्रवाह गरेको सेवा ........................................ ३०
तालिका ७-ङ : नेपाल टेलिकमले प्रवाह गरेको सेवा ........................................ ३१
तालिका ८-क : प्रादेशिक आधारमा लघु, घरेलु तथा साना उद्योगहरूको दर्ताको विवरण ...... ३२
तालिका ८-ख : गण्डकी प्रदेशमा उद्योग तथा वाणिज्य दर्ता ........................................ ३३
तालिका ८-ग : उद्यमी उत्पादन तालिम ........................................ ३३
तालिका ८-घ : प्रदेश औद्योगिक क्षेत्रको अवस्था ........................................ ३४
तालिका ८-ङ : उद्योग र वाणिज्य फर्म दर्ताको विवरण ........................................ ३४
तालिका ८-च : गण्डकी प्रदेशमा प्रवेश गरेका पर्यटकको विवरण ................................ ३५
तालिका ८-छ : गण्डकी प्रदेशका जिल्लाहरूमा सञ्चालित होमस्टे ................................ ३५
तालिका ९-क : गण्डकी प्रदेशमा रहेका विभिन्न तहका विद्यालय ................................ ३७
तालिका ९-ख : प्रदेशका विभिन्न विद्यालयमा विद्यार्थी भर्नाको विवरण ............................ ३८
तालिका ९-ग : गण्डकी प्रदेशमा विद्यार्थी खुद भर्नादर ........................................ ३८
तालिका ९-घ : सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण ................................ ३९
तालिका ९-ङ : सामुदायिक विद्यालयमा विद्यालय, विद्यार्थी र शिक्षक अनुपात .................. ४०
तालिका ९-च : गण्डकी प्रदेशमा रहेका धार्मिक विद्यालय र विद्यार्थी सङ्ख्या .................. ४०
तालिका ९-छ : विद्यार्थी भर्नादर तथा दिगो विकास लक्ष्यसँगको तुलना .......................... ४१
तालिका ९-ज : प्रदेशका उच्च शैक्षिक संस्थाहरूमा विभिन्न तहमा अध्ययनरत विद्यार्थी सङ्ख्या ४१
तालिका ९-झ : गण्डकी विश्वविद्यालयमा सञ्चालित कार्यक्रम र विद्यार्थी सङ्ख्या ............... ४२
तालिका ९-ञ : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्थाहरू ४२
तालिका ९-ट : प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय कक्षा ९-१२ विद्यार्थी विवरण* ४२
तालिका ९-ठ : स्वास्थ्य सेवा र सुविधामा विस्तार ........................................ ४४
तालिका ९-ड : निःशुल्क खोपको स्थिति ........................................ ४५
तालिका ९-ढ : २०७९ फागुनसम्म कोभिड-१९ विरुद्धको जिल्लागत खोप कभरेज ......... ४६
तालिका ९-ण : भौगोलिक क्षेत्र अनुसार परिवार संख्या र जनसंख्या,२०७८ ................... ४८
तालिका १०-क : उजुरी र फछ्र्यौटको विवरण ........................................ ४९
तालिका १०-ख : प्रदेशगत उजुरीको अवस्था* ........................................ ५०
तालिका १०-ग : १७३ सरकारी निकायको लेखापरीक्षण ........................................ ५०
तालिका १०-घ : बेरुजु फछ्र्यौट तथा समपरीक्षणको विवरण ........................................ ५१
तालिका १०-ङ : बेरुजुको वर्गीकरण ........................................ ५१
तालिका १०-च : लैंगिक उत्तरदायी बजेट ........................................ ५२
तालिका १०-छ जलवायु परिवर्तन बजेट विनियोजनको अवस्था ........................................ ५२
तालिका १०-ज : कायम रहेका मुद्दा ........................................ ५३
तालिका १०-झः आर्थिक वर्ष २०७८/७९ को सिफारिस विवरण ................................ ५४

# चार्ट सूची


चार्ट १-क : पछिल्लो ५ वर्षको राष्ट्रिय आर्थिक वृद्धिको प्रवृत्ति ................................ २

चार्ट १-ख : औद्योगिक समुह अनुसार कुल ग्राहस्थ उत्पादनमा क्षेत्रगत योगदान ............ ३

चार्ट १-ग : गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनको क्षेत्रगत संरचना ...................... ४

चार्ट १-घ : पछिल्लो ५ वर्षको प्रतिव्यक्ति आयको स्थिति ....................................... ५

चार्ट २-क : प्रदेश सरकारको बजेट र राजस्व सन्तुलनको प्रवृत्ति ............................... ६

चार्ट २-ख : प्रदेश सरकारको खर्च संरचना .......................................................... ८

चार्ट २-ग : प्रदेश सरकारको राजस्व संरचना ....................................................... ९

चार्ट २-घ : संघ सरकारबाट प्राप्त अनुदानको हिस्सामा समानीकरण र अन्य अनुदान ....... १०

चार्ट २-ङ : सवारी साधन कर अनुमान र सङ्कलनको प्रवृत्ति ................................... १२

चार्ट ३-क : प्रदेशमा वित्तीय संस्थाको हिस्सा ...................................................... १४

चार्ट ३-ख : व्यवसायिक जीवन रक्षा कोष अन्तर्गत क्षेत्रगत कर्जा प्रवाह ..................... १६

चार्ट ४-क : ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ........................................... १७

चार्ट ४-ख : चालु आर्थिक वर्षमा प्रदेशको खाद्यान्न बालीको संरचना ......................... १८

चार्ट ५-क : जिल्लागत रूपमा गरिबीको अवस्था ................................................... २५

चार्ट ८-क : गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान ............ ३२

चार्ट ९-क : कुल ग्राहस्थ उत्पादनमा शिक्षा क्षेत्रको योगदान .................................. ३६

चार्ट ९-ख : जिल्लागत साक्षरता ........................................................................ ३७

चार्ट ९-ग : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट विभिन्न विषयमा अध्ययनरत विद्यार्थी* ........................................................................ ४३

चार्ट ९-घ : कुल ग्राहस्थ उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यको योगदान (प्रतिशतमा) ........................................................................ ४४

चार्ट १०-क : प्रदेशगत बेरुजुको तुलनात्मक अवस्था .............................................. ५१

# कार्यकारी सारांश

आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय अर्थतन्त्र आधारभूत मूल्यमा २.१६ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ भने गण्डकी प्रदेशको अर्थतन्त्र आधारभूत मूल्यमा ३.७४ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७९/८० मा औसत उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशत हुने अनुमान छ। अघिल्लो वर्षमा ७.२८ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादन आधारभूत मूल्यमा ४ खर्ब २१ अर्ब ८३ करोड २० लाख पुग्ने प्रारम्भिक अनुमान छ। नेपालको कुल ग्राहस्थ उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.९८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ।

प्रदेशको कुल ग्राहस्थ उत्पादनमध्ये प्रारम्भिक क्षेत्रमा १ खर्ब १२ अर्ब २३ करोड ४० लाखको योगदानसहित २.६ प्रतिशतको आर्थिक वृद्धि, द्वितीय क्षेत्रमा ७३ अर्ब २२ करोड ६० लाखको योगदानसहित ४.८ प्रतिशतको आर्थिक वृद्धि र तृतीय क्षेत्रमा २ खर्ब ३६ अर्ब ३७ करोड ३० लाखको योगदान सहित ४.१ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादन १ हजार ४ सय ९२ अमेरिकी डलर रहने अनुमान छ।

आर्थिक वर्ष २०७८/७९  मा प्रदेश सरकारको बजेट सन्तुलन १.१५ प्रतिशत पुगेको छ। २०७९ फागुनसम्म १६ अर्ब ५० करोड १ लाख ७३ हजार स्रोत प्राप्त हुन भई लक्ष्यको ५२.८९ प्रतिशत प्रगति हासिल भएको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारको राजस्व ०.७४ प्रतिशतले बचतमा रहेको छ।

आर्थिक वर्ष २०७८/७९ मा कुल ग्राहस्थ उत्पादनमा प्रदेश सरकारको खर्चको अनुपात ५.० प्रतिशत रहेको छ। प्रदेश सरकारको बजेट रू.५ अर्ब ५ करोड ६० लाखले बचतमा रहेको छ भने राजस्व सन्तुलन रू.३ अर्ब २२ करोड ३३ लाखले बचतमा रहेको छ।

प्रदेश सरकारको कुल खर्चमा पूँजीगत खर्चको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कुल खर्चको पूँजीगत खर्च र चालु खर्चको अंश क्रमशः ५४.७ प्रतिशत र ४५.३ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७९/८० मा वित्तीय मध्यस्थकर्ता क्षेत्रको कुल राष्ट्रिय ग्राहस्थ उत्पादनमा ७.३७ प्रतिशत र गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा ८.४२ प्रतिशत योगदान रहने अनुमान रहेको छ।

कोभिड महामारी पश्चात् व्यवसायीलाई सहुलियत प्रदान गर्न ब्याज अनुदान प्रदान गर्ने गरी आर्थिक वर्ष २०७७/७८ देखि प्रदेश सरकारमार्फत 'व्यवसाय जीवन रक्षा कोष÷ कार्यक्रम सञ्चालनमा रहेको छ। २०७९ चैतसम्म १,६३८ जनालाई रू. १ अर्ब ८१ करोड २९ लाख ७३ हजार ६ सय ७४ लगानी गरिएको छ। यस अवधिसम्म रु. ९० करोड ६६ लाख ९५ हजार ८ सय ४९ जम्मा बक्यौता रहेको छ।

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २६.६० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान २७.६१ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०७९/८० मा यस क्षेत्रको उत्पादन २.६ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ।

कृषि बालीको उत्पादन र क्षेत्रफलको आधारमा गण्डकी प्रदेशमा खाद्यान्न बालीको बाहुल्यता रहेको छ। करिब ८६.० प्रतिशत भन्दा बढी क्षेत्रफलमा लगाइने खाद्यान्न बालीको उत्पादनको हिस्सा भने ५८.४ प्रतिशत रहेको छ। आलु र तरकारीको उत्पादकत्व तुलनात्मक रूपमा उच्च रहेको छ।

नेपालमा गरिबीको रेखामुनी रहेका जनसङ्ख्या १५.१ प्रतिशत, बहुआयामिक गरिबी १७.४ प्रतिशत र मानव विकास सूचकाङ्क ०.६०२ रहेको छ। गण्डकी प्रदेशमा बहुआयामिक गरिबी ९.६ प्रतिशत तथा मानव विकास सूचकाङ्क ०.६१८ रहेको छ।

राष्ट्रियस्तरमा विद्युतको पहुँच २०७९ फागुनसम्म ९५.० प्रतिशत रहेकोमा गण्डकी प्रदेशमा ९८.० प्रतिशत पुगेको छ। नवीकरणीय उर्जा (सौर्य र लघु जलविद्युत) मार्फत ३.८२ प्रतिशत गरी कुल ९९.५ प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुगेको छ। राष्ट्रिय प्रसारण लाइन तथा नवीकरणीय उर्जामार्फत प्रदेशका ५ लाख ७७ हजार ६ सय ८२ घरधुरीमध्ये ५ लाख ७४ हजार ७ सय ९८ घरपरिवारमा विद्युतको पहुँच पुगेको छ।

प्रदेशमा २०७९ चैतसम्म ९३.७५ प्रतिशत जनसङ्ख्याको आधारभुत खानेपानीमा पहुँच पुगेको छ भने १८ प्रतिशतको मध्यम तथा उच्च स्तरको खानेपानीमा पहुँच पुगेको छ। आधारभूत स्तरको सरसफाईको पहुँच भने शत प्रतिशत पुगेको छ।

गण्डकी प्रदेशमा ८२.७९ प्रतिशत कच्ची सडक, ११.२५ प्रतिशत ग्राबेल सडक र ५.९६ प्रतिशत कालोपत्रे सडक गरी कुल ११ हजार ९ सय २७ किलोमिटर प्रादेशिक र स्थानीय सडक रहेको छ जसमा प्रदेशको अंश १७.७५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० चैतसम्म २४० किलोमिटर सडक कालपत्रे गरिएको छ भने १८६ किलोमिटर गाब्रेल सडक र १३५ किलोमिटर कच्ची सडक निर्माण गरिएको छ। सोही अवधिसम्म ७३ वटा सडक पुल तथा ५२ वटा झोलुङ्गे पुल समेत निर्माण गरिएका छन्।

आर्थिक वर्ष २०७९/८० मा प्रदेशको कुल ग्राहस्थ उत्पादनमा समग्र औद्योगिक क्षेत्रको योगदान १७.४ प्रतिशत रहने अनुमान छ। पर्यटन प्रबर्द्धनतर्फ गण्डकी प्रदेशले पर्यटकीय पूर्वाधार निर्माण तथा होमस्टेको पूर्वाधार निर्माणमा केन्द्रित रहेको छ।

प्रदेशको कुल ग्राहस्थमा शिक्षा क्षेत्रको योगदान ८.८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। क्षेत्रगत रूपमा साक्षरताका हिसाबले कास्की जिल्लामा साक्षरता दर सबैभन्दा बढी ८७.७३ प्रतिशत र सबैभन्दा कम गोरखा जिल्लामा ७२.३७ प्रतिशत रहेको छ।

२०७९ को शैक्षिक सत्रमा आधारभूत कक्षा (१-५) मा ९७ प्रतिशत खुद विद्यार्थी भर्नादर रहेकोमा माध्यमिक कक्षा (९-१०) मा ७९.६६ प्रतिशत र माध्यमिक कक्षा (९-१२) मा जम्मा ५७.४१ प्रतिशत रहेको छ। प्रदेशमा धार्मिक विद्यालय अन्तर्गत २३ वटा गुरुकुल, १३ वटा गुम्बा विद्यालय र १८ वटा मदरसा रहेका छन्।

आर्थिक वर्ष २०७९/८० मा समग्र नेपालको कुल ग्राहस्थ उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलपको योगदान १.९२ प्रतिशत हुने अनुमान छ भने गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा २.४ प्रतिशत हुने अनुमान रहेको छ।

२०७९ फागुनसम्म गण्डकी प्रदेशभित्र रहेका स्वास्थ्य संस्थाको सङ्ख्या १,१४४ पुगेको छ। २०७९ असारमा यस्तो सङ्ख्या १०७७ रहेको थियो। चालु आर्थिक वर्षमा केही स्वास्थ्य संस्थालाई प्रदेश मातहत ल्याईएको हुँदा यस अवधिमा स्वास्थ्य संस्थाको सङ्ख्या उल्लेख्य बढेको देखिएको हो। प्रदेशभित्रका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको सङ्ख्या २०७९ फागुनसम्म ६,१३४ पुगेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी प्रदेशको जनसङ्ख्या २४ लाख ६६ हजार ४ सय २७ रहेको छ। जसमध्ये ५२.५ प्रतिशत महिला रहेका छन् र ४७.५ प्रतिशत पुरुष रहेका छन्। जसअनुसार लैङ्गिक अनुपात प्रति १०० महिला ९०.३७ पुरुष रहेका छन्।

२०७८ सालमा गण्डकी प्रदेशमा प्रति परिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा ३.७२ रहेको छ, जुन २०६८ सालमा ४.१६ रहेको थियो। गण्डकी प्रदेशमा परिवारको आकार नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्लमा सबैभन्दा बढी ४.०३ र गोरखा जिल्लामा सबैभन्दा कम ३.४९ रहेका छन्।

सार्वजनिक निकायलाई सुशासनको अधिनमा राखी कार्य व्यवस्था सञ्चालन गर्न आर्थिक वर्ष २०७९/८० फागुनसम्ममा विकास, सुशासन र लोकतन्त्रको सुदृढीकरणको लागि ५९ ऐन र १७ नियमावली निर्माण भएका छन्।

आर्थिक वर्ष २०७८/७९ को कुल बेरुजुमध्ये असुल गर्नुपरबेरुजु १४.४ प्रतिशत, नियमित गर्नुपर्ने बेरुजु ६७.९ प्रतिशत र पेश्की बेरुजु १७.८ प्रतिशत रहेको छ। प्रदेशगत रूपमा बेरुजुको अवस्था विश्लेषण गर्दा सबैभन्दा कम बेरुजु गण्डकी प्रदेशको रहेको छ भने सबैभन्दा बढी कर्णाली प्रदेशको रहेको देखिन्छ।

सार्वजनिक निकायमा उजुरी स्थानीय तहमा सबैभन्दा बढी र त्यसपछी क्रमशः संघीय र प्रदेश सरकारका निकायमा हुने गरेको छ। समग्रमा सबैभन्दा बढी उजुरी बाग्मती प्रदेशमा परेको देखिन्छ भने सबैभन्दा कम उजुरी गण्डकी प्रदेशमा परेको देखिन्छ।

लैङ्गिक उत्तरदायी तथा जलवायु परिवर्तनका आधारमा बजेट कोडिङ कार्यान्वयन गरिरहेको यस प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा लैङ्गिक उत्तरदायी बजेट अन्तर्गत ५९.०१ प्रतिशत प्रत्यक्ष लाभ हुने क्षेत्रमा र जलवायु परिवर्तन सम्बन्धी बजेट अन्तर्गत ४१.९० प्रतिशत प्रत्यक्ष लाभ हुने क्षेत्रमा स्रोत परिचालन भएको छ। विपद् व्यवस्थापनका लागि प्रदेश सरकार नियमित कार्यक्रमका साथै विपद् व्यवस्थापन कोष सञ्चालनमार्फत विपद् व्यवस्थापनको क्षेत्रमा सक्रिय रहेको छ।

# १. राष्ट्रिय तथा प्रादेशिक आर्थिक स्थिति

## राष्ट्रिय अर्थतन्त्र

१.१ विश्व आर्थिक परिदृश्यका साथै राष्ट्रका आन्तरिक कारणले गर्दा आर्थिक क्रियाकलापमा शिथिलता आई राष्ट्रिय अर्थतन्त्र नै दबाबमा रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा कोभिड महामारीका कारण ऋणात्मक रहेको अर्थतन्त्र त्यसपछि क्रमश बिस्तार हुँदै गएको थियो। यद्यपि, आर्थिक वर्ष २०७९/८० मा उत्पादन, व्यापार र निर्माण क्षेत्रमा सुस्तता आएकोले आर्थिक वृद्धि न्यून हुने अनुमान छ।

### तालिका २(क): समष्टिगत आर्थिक परिसूचक

| विवरण | इकाई | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|
| कुल ग्राहस्थ उत्पादनको आकार | रू. अर्बमा | ३८५८.९ | ३८८८.७ | ४३५२.६ | ४९३३.७ | ५३८१.३ |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ६.३९ | -२.४२ | ४.४९ | ५.२६ | २.१६ |
| कृषि | प्रतिशत | ५.१६ | २.४३ | २.८५ | २.२४ | २.७३ |
| उद्योग | प्रतिशत | ७.३८ | -४.०२ | ६.९५ | १०.८० | ०.५९ |
| सेवा | प्रतिशत | ६.७६ | -४.५३ | ४.७१ | ५.३२ | २.३३ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलरमा | १२१६ | ११८० | १२८४ | १४०७ | १४१० |
| औसत उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ४.६ | ६.२ | ३.६ | ६.३ | ७.५ |
| कुल स्थिर लगानी | जीडिपीको अनुपातमा | ३३.८२ | ३०.४७ | २९.३४ | २८.४५ | २५.२१ |
| कुल ग्राहस्थ बचत | जीडिपीको अनुपातमा | १५.३० | ५.७२ | ६.३७ | ५.७७ | ६.४१ |
| तीन तहको एकीकृत खर्च | रू. अर्बमा | ११९१.६ | ११९१.१ | १३६२.२ | १४९०.६ | |
| चालु | जीडिपीको अनुपातमा | १७.५ | १७.२ | १७.० | १७.४ | |
| पुँजीगत | जीडिपीको अनुपातमा | ९.५ | १०.४ | ११.४ | ९.९ | |
| वित्तीय व्यवस्था | जीडिपीको अनुपातमा | ४.० | ३.० | २.८ | २.९ | |
| सार्वजनिक ऋण दायित्व | जीडिपीको अनुपातमा | २७.२ | ३६.९ | ३९.९ | ४०.८ | ३८.७ |
| वस्तु निकासी | जीडिपीको अनुपातमा | २.५ | २.५ | ३.२ | ४.१ | ३.२ |
| वस्तु पैठारी | जीडिपीको अनुपातमा | ३६.८ | ३०.८ | ३५.४ | ३८.९ | २९.९ |
| शोधानान्तर स्थिति | रू. अर्बमा | -६७.४० | २८२.४१ | १.२३ | -२५५.२६ | १००.४९ |
| चालु खाता सन्तुलन | रू. अर्बमा | -२६७.० | -३३.८ | -३३३.७ | -६२३.३ | -१०४.८३ |
| विप्रेषण आप्रवाह | जीडिपीको अनुपातमा | २२.८ | २२.५ | २२.१ | २०.४ | २२.० |
| विदेशी मुद्रा सञ्चिति | रू. अर्बमा | १०३८.९ | १४०१.८ | १३९९.० | १२१५.८ | १३१६.३ |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा) | महिना | ७.८ | १२.७ | १०.२ | ६.९ | ८.७ |
| निक्षेप सङ्कलन | रू. अर्बमा | ३२३५.१ | ३८३९.७ | ४६६२.७ | ५०८२.८ | ५६६१.२ |
| निजी क्षेत्रतर्फको कर्जा प्रवाह | रू. अर्बमा | ३७६९.७ | ४०८४.८ | ४६०७.३ | ४६२१.१ | ५०६२.२ |
| नेप्से सूचकाङ्क (असार मसान्तको) | बिन्दुमा | १२५९.०२ | १३६२.३५ | २८८३.४१ | २००९.४७ | - |

स्रोत: आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय   *अनुमानित

१.२ आर्थिक वर्ष २०७९/८० को कुल ग्राहस्थ उत्पादन (GDP) को वृद्धिदर आधारभूत मूल्यमा २.१६ प्रतिशत र उपभोक्ता मूल्यमा १.८६ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा कुल ग्राहस्थ उत्पादन आधारभूत मूल्यमा ५.२६ प्रतिशतले बिस्तार भएको थियो।

१.३ आर्थिक वर्ष २०८९/८० मा औसत उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशत हुने अनुमान छ। अघिल्लो वर्षमा ७.२८ प्रतिशत रहेको थियो।

१.४ आर्थिक वर्ष २०७९/८० मा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १२ प्रतिशतसम्मले हुने अनुमान रहेको छ। २०७९ चैत मसान्तमा यस्तो वृद्धिदर ९.९ प्रतिशत रहेको छ। त्यस्तै, आर्थिक वर्ष २०७९/८० मा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी १२.६ प्रतिशतसम्मले वृद्धि हुने अनुमान रहेको छ। २०७९ चैतसम्म यस्तो वृद्धिदर ४.० प्रतिशत रहेको छ।

**चार्ट १-कः पछिल्लो ५ वर्षको राष्ट्रिय आर्थिक वृद्धिको प्रवृत्ति (प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० *अनुमानित

१.५ विगतका वर्षहरूदेखि नै कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै गएको छ भने कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ। चालु आर्थिक वर्षमा कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान केही बढ्ने अनुमान छ। कृषि क्षेत्र र उद्योग क्षेत्रको योगदान गत आर्थिक वर्ष भन्दा केही घट्ने अनुमान छ।

### चार्ट १-खः औद्योगिक समुह अनुसार कुल ग्राहस्थ उत्पादनमा क्षेत्रगत योगदान




स्रोतः तथ्याङ्क कार्यालय, कास्की *अनुमानित

### प्रदेशको अर्थतन्त्र

१.६ चालु आर्थिक वर्षमा विश्व अर्थतन्त्रमा देखिएको भू-राजनीतिक तनाब, अन्तर्राष्ट्रिय बजारमा उच्च रहेको पेट्रोलियम पदार्थको मूल्य र सो बाट मुलुकको समग्र मूल्यस्तरमा परेको दबाब, चालु आर्थिक वर्षको सुरुवातसँगै समष्टिगत मागमा देखिएको सुस्तताको कारण मुलुकको समग्र अर्थतन्त्र समेत प्रभावित भएको हुँदा यसको प्रत्यक्ष प्रभाव गण्डकी प्रदेशको अर्थतन्त्रमा परेको छ। फलस्वरुप, चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मकरूपमा घट्ने अनुमान छ। यद्यपी, प्रदेशगत कुल ग्राहस्थ उत्पादन वृद्धिदर मध्ये गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी रहने अनुमान छ।

१.७ आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादन रू.४ खर्ब ८२ अर्ब रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो उत्पादन रू.४ खर्ब ३७ अर्ब ६ करोड रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.९६ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो योगदान ८.८५ प्रतिशत रहेको थियो।

१.८ आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.७४ प्रतिशत र उपभोक्ता मूल्यमा ३.२६ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर क्रमशः ६.१० प्रतिशत र ६.३५ प्रतिशत रहेको थियो।

## कुल ग्राहस्थ उत्पादनको क्षेत्रगत संरचना

१.९ आर्थिक वर्ष २०७९/८० मा प्रदेशको कुल ग्राहस्थ उत्पादनमध्ये कृषि क्षेत्रको योगदान २६.६१ प्रतिशत, उद्योग क्षेत्रको योगदान १७.३६ प्रतिशत र सेवा क्षेत्रको योगदान ५६.०३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः २७.६२ प्रतिशत, १७.६६ प्रतिशत र ५४.७२ प्रतिशत रहेको थियो।

**चार्ट १-गः  गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनको क्षेत्रगत संरचना**




स्रोतः तथ्याङ्क कार्यालय, २०८०    *अनुमान

## औद्योगिक वर्गीकरण अनुसार कुल ग्राहस्थ उत्पादनमा योगदान

१.१० आर्थिक वर्ष २०७९/८० मा औद्योगिक वर्गीकरण अनुसार कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी २५.९ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, सामान्य प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षाको ११.० प्रतिशत, शिक्षा क्षेत्रको ८.८ प्रतिशत र थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवा क्षेत्रको योगदान ८.७ प्रतिशत रहने अनुमान छ। साथै, निर्माण क्षेत्रको ८.३ प्रतिशत, वित्तीय तथा बीमासम्बन्धी क्रियाकलापको ७.० प्रतिशत, यातायात तथा भण्डारण क्षेत्रको ५.४ प्रतिशत, विद्युत, ग्याँस, वाष्प तथा वातानुकुलित सेवाको ५.२ प्रतिशत  र घरजग्गा कारोबारका व्यवसायिक क्रियाकलाप क्षेत्रको ५.० प्रतिशत योगदान रहने अनुमान छ। अन्य क्षेत्रको योगदान भने ५.० प्रतिशत भन्दा न्यून रहने अनुमान छ। पछिल्लो ३ वर्षमा कुल ग्राहस्थ उत्पादनमा विद्युत, यातायात, आवास तथा भोजन सेवा, वित्तीय क्षेत्र, शिक्षा र सार्वजनिक प्रशासन क्षेत्रको योगदान सामान्य वृद्धि हुँदै गएको छ।

१.११ गण्डकी प्रदेशको प्रतिव्यक्ति आय राष्ट्रिय औसतभन्दा हरेकवर्ष माथि रहेको छ। पछिल्लो ४ आर्थिक वर्षमा गण्डकी प्रदेशको प्रतिव्यक्ति आय क्रमशः बढ्दै गएको छ। यद्यपि, चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर घट्ने अनुमानको आधारमा प्रतिव्यक्ति आयको वृद्धिदर समेत घट्ने अनुमान छ।

**चार्ट १-घः पछिल्लो ५ वर्षको प्रतिव्यक्ति आयको स्थिति (अमेरिकी डलरमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

# २. सार्वजनिक वित्त

२.१ वि.सं. २०७४ फागुन ४ देखि गण्डकी प्रदेश सरकार अस्तित्वमा आएसँगै प्रदेश सरकारको सार्वजनिक वित्त प्रणाली कार्यान्वयन हुँदै आएको छ। सार्वजनिक वित्त प्रणालीको सुदृढीकरणको लागि संविधानप्रदत्त अधिकारको उपयोग गरी प्रदेश सरकारले नीतिगत, कानूनी, संस्थागत व्यवस्था गर्दै समसामयिक सुधार गर्दै आएको छ।

२.२ वित्त संघीयताको कार्यान्वयनसँगै प्रदेशले खर्च जिम्मेवारी प्राप्त गरेको छ भने राजस्व अधिकार र अन्तरसरकारी वित्त हस्तान्तरणका औजारहरू प्रयोग हुँदै आएको छ। यद्यपि, वित्तीय स्रोत परिचालनमा प्रदेश सरकार संघीय सरकार माथि अत्याधिक निर्भर रहेको छ।

### प्रदेश सरकारको वित्तको आकार

२.३ आर्थिक वर्ष २०७५/७६ देखि नै प्रदेशको कुल ग्राहस्थ्य उत्पादनमा प्रदेश सरकारको खर्चको तुलनामा आयको अनुपात उच्च रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारको बजेट सन्तुलन प्रदेशको कुल ग्राहस्थ उत्पादनको ०.९५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो सन्तुलन १.१५ प्रतिशत पुगेको छ।

२.४ आर्थिक वर्ष २०७५/७६ देखि नै प्रदेशको कुल ग्राहस्थ्य उत्पादनमा प्रदेश सरकारको राजस्व बचतमा रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारको राजस्व ०.३४ प्रतिशतले बचतमा रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ०.७४ प्रतिशतले बचतमा रहेको छ।

**चार्ट २-कः प्रदेश सरकारको बजेट र राजस्व सन्तुलनको प्रवृत्ति**
**(प्रदेशको कल ग्राहस्थ उत्पादनको प्रतिशतमा)**




स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रतिवेदन तथा राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

नोटः राजस्व सन्तुलन भन्नाले राजस्व र चालु खर्चको बीचको अन्तरलाई बुझिन्छ।

२.५ आर्थिक वर्ष २०७७/७८ प्रदेशको कुल ग्राहस्थ उत्पादनमा प्रदेश सरकारको खर्चको अनुपात ६.७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष मा यस्तो अनुपात ५.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारको बजेट रू. ५ अर्ब ५ करोड ६० लाखले बचतमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा राजस्व सन्तुलन रू.३ अर्ब २२ करोड ३३ लाखले बचतमा रहेको छ।

### तालिका २-कः प्रदेश सरकारको वित्तको आकार (प्रदेशको कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| प्रदेश सरकारको खर्च | ४.१ | ५.९ | ६.७ | ५.० |
| चालु खर्च | १.५ | १.८ | २.१ | १.७ |
| पुँजीगत खर्च | २.६ | ४.० | ४.६ | ३.३ |
| प्रदेश सरकारको राजस्व | २.४ | २.० | २.४ | २.५ |
| आन्तरिक राजस्व | ०.६ | ०.६ | ०.७ | ०.७ |
| बाँडफाँटबाट प्राप्त राजस्व | १.८ | १.५ | १.८ | १.८ |
| संघबाट भएको वित्तीय हस्तान्तरण | ३.५ | ४.३ | ३.६ | ३.२ |
| अन्य प्राप्ति | ०.२ | २.० | १.६ | ०.५ |
| प्रदेश सरकारको आय | ६.२ | ८.४ | ७.६ | ६.२ |
| बजेट बचत (+)/ न्यून (-) | २.१ | २.५ | ०.९ | १.१ |
| प्रदेश सरकारको सञ्चित कोष बचत(+)/ न्यून (-) | २.१ | २.५ | ०.९ | १.१ |
| राजस्व सन्तुलन बचत (+)/ न्यून (-) | ०.९ | ०.२ | ०.३ | ०.७ |

स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रकाशित प्रतिवेदन तथा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त विवरण, २०८०

## प्रदेश सरकारको खर्च

२.६ आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेश सरकारको खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.२ प्रतिशतले वृद्धि भएको छ। चालु खर्च १७.७ प्रतिशतले वृद्धि भएको छ भने पूँजीगत गर्छ १४.९ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७९/८० को बजेटको आकार गत आर्थिक वर्षको बजेटको आकार भन्दा १९.५ प्रतिशतले बढी भएकाले आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म २५.९ प्रतिशत खर्च रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म २५.१ प्रतिशत रहेको छ।

### तालिका २-खः प्रदेश सरकारको तुलनात्मक खर्च स्थिति (रु लाखमा)

| विवरण | २०७८/७९* | | | २०७९/८०* | | | खर्च प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | |
| चालु | १३०८२०.७ | ३४७१६.९ | २६.५ | १३२६८८.५ | ४०८७१.५ | ३०.८ | १७.७ |
| पूँजीगत | १६७३४६.३ | ४२९९६.२ | २५.७ | २२१४०१.५ | ४९४०७.२ | २२.३ | १४.९ |
| वित्तीय | २४०० | ० | ० | ५००० | ० | ० | ० |
| कुल | ३००५६७ | ७७७१३.१ | २५.९ | ३५९०९० | ९०२७८.७ | २५.१४ | १६.२ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८० *फागुन

२.७ प्रदेश सरकारको कुल खर्चमा पूँजीगत खर्चको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कुल खर्चको पूँजीगत खर्च र चालु खर्चको अंश क्रमशः ५४.७ प्रतिशत र ४५.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको यस्तो अंश क्रमशः ५५.३ प्रतिशत र ४४.७ प्रतिशत रहेको थियो।

### चार्ट २-खः प्रदेश सरकारको खर्च संरचना (प्रदेश सरकारको खर्च प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८० *फागुन

## प्रदेश सरकारको स्रोत

२.८ आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेश सरकारको राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको भन्दा ४.२ प्रतिशतले घटेर रू. ६ अर्ब ५६ करोड रहेको छ। चालु आर्थिक वर्षमा घरजग्गा कारोबारमा आएको सुस्तताले प्रदेश सरकारको आन्तरिक राजस्व

प्रभावित भएकाले समग्र राजस्व परिचालन घटेको हो।

२.९ आर्थिक वर्ष २०७९/८० को फाल्गुनसम्म प्रदेश सरकारको कुल राजस्व परिचालनमा प्रदेश सरकारको आन्तरिक राजस्व र राजस्व बाँडफाँट प्राप्त राजस्को अंश क्रमशः २५.८ प्रतिशत र ७४.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः २९.३ प्रतिशत र ७०.७ प्रतिशत रहेको थियो।

### चार्ट २-गः प्रदेश सरकारको राजस्व संरचना (कुल प्रदेश सरकारको राजस्व परिचालनको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८० *फागुन

२.१० आर्थिक वर्ष २०७९/८० को चैतसम्म प्रदेश सरकारको कुल राजस्व परिचालन मध्ये कर गैरकर राजस्वको अंश क्रमशः ८५.१ प्रतिशत र १४.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८५.५ र १४.५ प्रतिशत रहेको थियो।

## प्रदेश सरकारको आय

२.११ आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेश सरकारको कुल आयको सबैभन्दा बढी हिस्सा संघ सरकारबाट प्राप्त अनुदानको ४९.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यो हिस्सा ३७.७ प्रतिशत रहेको थियो।

### तालिका २-गः प्रदेश सरकारको आयको संरचना (प्रतिशतमा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| आन्तरिक राजस्व | १०.४७ | ६.६७ | ८.६८ | ११.२७ | ८.५३ |
| बाँडफाँट राजस्व | २८.९३ | १७.५५ | २३.२० | २८.६७ | २४.५४ |
| अन्य प्राप्ती | ३.९७ | २३.८१ | २०.४५ | ८.७७ | १७.५१ |
| संघ सरकारबाट प्राप्त अनुदान | ५६.६३ | ५१.९७ | ४७.६७ | ५१.२९ | ४९.४२ |
| | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रकाशित प्रतिवेदन

२.१२ प्रदेश सरकारको कुल आयमा संघ सरकारबाट प्राप्त अनुदानको हिस्सा उच्च रहँदै आएको छ। यद्यपि पछिल्ला आर्थिक वर्षमा प्रदेश सरकारको आन्तरिक राजस्वको अंशमा वृद्धि हुँदै गएको छ।

## संघ सरकारबाट प्राप्त अनुदान

२.१३ आर्थिक वर्ष २०७७/७८ मा संघ सरकारबाट प्राप्त हुने अनुदान अन्तर्गत कुल रू.१३ अर्ब २ करोड ९७ मध्ये ८३.५ प्रतिशत रकम खर्च भएको थियो। आर्थिक वर्ष २०७८/७९ यस्तो खर्च ७८.४ प्रतिशत भएको छ। आर्थिक वर्ष २०७८/७९ मा संघ सरकारबाट प्राप्त अनुदान मध्ये सबैभन्दा बढी वित्तीय समानीकरण अनुदान खर्च भएको छ भने सबैभन्दा कम समपूरक अनुदान खर्च भएको छ।

### तालिका २-घः संघ सरकारबाट प्राप्त अनुदानको खर्चगत उपलब्धि (प्रतिशतमा)

| अनुदान | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| वित्तीय समानीकरण | ७०.४ | ५२.२ | ८३.० | ८१.९ |
| सशर्त | ८५.३ | ६८.९ | ८७.४ | ७९.२ |
| समपुरक | ०.० | ४२.४ | ७४.६ | ४३.७ |
| विशेष | ०.० | ६९.० | ७८.० | ७९.७ |
| जम्मा | ७०.१ | ५९.१ | ८३.५ | ७८.४ |

स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रकाशित प्रतिवेदन

२.१४ आर्थिक वर्ष २०७८/७९ मा संघ सरकारबाट प्राप्त कुल अनुदानमा वित्तीय समानीकरण अनुदानको हिस्सा ५३.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो हिस्सा ५१ प्रतिशत रहेको थियो। वित्तीय समानीकरणको हिस्सा पछिल्ला वर्षमा बढ्दै गएको छ।

### चार्ट २-घः संघ सरकारबाट प्राप्त अनुदानको हिस्सामा समानीकरण र अन्य (कार्यक्रमसहित) अनुदान अंश




स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रकाशित विवरण तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण

### स्थानीय तहलाई वित्त हस्तान्तरण

२.१५ आर्थिक वर्ष २०७९/८० को फागुनसम्ममा प्रदेश सरकारलाई ७५.० प्रतिशत वित्तीय समानीकरण अनुदान निकासा भएकोमा आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा समेत ७५.० प्रतिशत निकासा भएको थियो। अन्य अनुदानको प्रथम किस्ता ५०.० प्रतिशत भदौ महिनामा निकासा हुने र बाँकी प्रगति तथा मागका आधारमा हुने भएकाले प्रगति औसत निकासा चालु आर्थिक वर्षको फागुनसम्म ५५.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त निकासा ५२.० प्रतिशत रहेको थियो।

#### तालिका २-ङः स्थानीय तहलाई वित्त हस्तान्तरण (प्रतिशतमा)

| शिर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७८/७९* | २०७९/८०* |
|---|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | १००.० | १००.० | १००.० | १००.० | ७५.० | ७५.० |
| ससर्त | | ७३.८ | ६३.९ | ७१.५ | ५०.० | ५०.० |
| विशेष | ९७.६ | ७२.७ | ६४.२ | ६१.१ | ५०.० | ५१.० |
| समपूरक | ६०.३ | ६३.२ | ५७.४ | ६८.७ | ५०.० | ५०.० |
| प्रशासनिक भवन | | ४१.७ | ३०.० | २३.० | १०.४ | २३.१ |
| कुल | ९६.८ | ७७.६ | ७०.१ | ७३.६ | ५२.० | ५५.८ |

स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रकाशित विवरण तथा विविध तथ्याङ्कको विश्लेषणबाट

*फागुन महिनासम्म #थपघट सहित

निकासाः आर्थिक मामिला मन्त्रालयबाट निकासा गरिएको रकम

### २.१ राजस्व बाँडफाँट

२.१६ आर्थिक वर्ष २०७८/७९ मा सवारी साधन करबापत प्रदेश सरकारले कुल १ अर्ब ४८ करोड २१ लाख ६९ हजार सङ्कलन भएकोमा ६० प्रतिशतका हिसाबले ८८ करोड ९३ लाख २ हजार रुपैया मात्र प्रदेश सरकारलाई र ५९ करोड २८ लाख ६८ हजार रुपैया मात्र स्थानीय तहलाई बाँडफाँट गरिएको थियो। आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म सवारी साधन करबापत ६५.०८ प्रतिशत कर संकलन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त कर ६६.३६ प्रतिशत मात्र संकलन भई बाँडफाँट भएको थियो।

#### तालिका २-चः सवारी साधन कर सङ्कलन तथा बाँडफाँट (प्रतिशतमा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७८/७९* | २०७९/८०* |
|---|---|---|---|---|---|---|
| सवारी साधन कर | १३१.४ | ११६.१ | १३७.८ | ९८.८ | ६६.३६ | ६५.०८ |

स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रकाशित विवरण तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण

*फागुनसम्म

२.१७ आर्थिक वर्ष २०७५/७६ देखि वार्षिक बजेटमा लक्ष्य अनुमान गरी सवारी साधन कर प्रशासन हुदै आएको छ। प्रदेश सरकारको नयाँ अभ्यासमा राजस्व अनुमान गर्ने पर्याप्त आधार तयार भइ नसकेकाले शुरुवातका आर्थिक वर्षमा अनुमानभन्दा बढी कर सङ्कलन भइरहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा उक्त कर ९८.८१ प्रतिशत गरिएको छ।

**चार्ट २-ङः सवारी साधन कर अनुमान र सङ्कलनको प्रवृत्ति (रू.लाखमा)**




स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रकाशित विभिन्न प्रतिवेदन

# ३. वित्तीय क्षेत्र

## बैंक तथा वित्तीय संस्था

३.१ आर्थिक वर्ष २०७९/८० मा वित्तीय मध्यस्थकर्ता (Financial Intermediaries) क्षेत्रको कुल राष्ट्रिय ग्राहस्थ उत्पादनमा ७.३७ प्रतिशत र गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा ८.४२ प्रतिशत योगदान रहने अनुमान रहेको छ। गत आर्थिक वर्षमा गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा बैङ्क तथा वित्तीय क्षेत्रको योगदान ८.५ प्रतिशत रहेको थियो।

### तालिका ३-कः वित्तीय संस्थाका शाखा सङ्ख्या तथा प्रतिशाखा जनसङ्ख्या

| जिल्ला | वाणिज्य बैङ्क | विकास बैङ्क | वित्त कम्पनी | जम्मा | जनसङ्ख्या | प्रतिशाखा जनसङ्ख्या* |
|---|---|---|---|---|---|---|
| गोरखा | ४४ | ६ | ४ | ५४ | २५१०२७ | ४,७४९ |
| मनाङ | ११ | - | - | ११ | ५६५८ | ५१४ |
| लमजुङ | ४४ | ६ | २ | ५२ | १५५८५२ | २९९७ |
| कास्की | २०६ | ७८ | १९ | ३०३ | ६०००५१ | १९८० |
| तनहुँ | ७८ | २३ | १ | १०२ | ३२११५३ | ३१४९ |
| स्याङ्जा | ४३ | २४ | २ | ६९ | २५३०२४ | ३६६७ |
| मुस्ताङ | १६ | १ | - | १७ | १४४५२ | ८५० |
| बाग्लुङ | ४८ | ९ | १ | ५८ | २४९२११ | ४२९७ |
| पर्वत | २५ | १० | - | ३५ | १३०८८७ | ३७४० |
| म्याग्दी | २२ | ९ | - | ३१ | १०७०३३ | ३४५३ |
| नवलपुर | ६८ | २४ | ८ | १०० | ३७८०७९ | ३७८१ |
| जम्मा | ६०५ | १९० | ३७ | ८३२ | २४६६४२७ | २९६४ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०७९

३.२ वित्तीय पहुँचका सूचकलाई आधार मान्दा गण्डकी प्रदेश वित्तीय पहुँचको दृष्टिकोणले तुलनात्मक रूपमा सहज अवस्थामा रहेको देखिन्छ। गण्डकी प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैकको उपस्थिति रहेको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म गण्डकी प्रदेशका ११ जिल्लामा वाणिज्य बैङ्क, विकास बैङ्क र वित्त कम्पनीका गरी ८३२ बैङ्कका शाखा रहेका छन्। जसमध्ये वाणिज्य बैङ्कका ६०५, विकास बैङ्कका १९० र वित्त कम्पनीका शाखाहरू ३७ रहेका छन्।

३.३ प्रदेशमा प्रतिशाखा औसत जनसङ्ख्या २,९६४ रहेको छ जुन राष्ट्रिय औसतभन्दा राम्रो अवस्थामा रहेको छ। २०७९ फागुनसम्म गण्डकी प्रदेशमा लघुवित्त वित्तीय संस्थाका शाखा सङ्ख्या ५९१ रहेका छन्।

### चार्ट ३-कः प्रदेशमा वित्तीय संस्थाको हिस्सा




स्रोतः नेपाल राष्ट्र बैङ्क, पोखरा, २०८०

## बैङ्कको निक्षेप तथा कर्जा लगानी

३.४ गण्डकी प्रदेशमा रहेका विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट आर्थिक वर्ष २०७८/७९ मा रू. ५ खर्ब ५ अर्ब ४३ करोड निक्षेप सङ्कलन भएकोमा रू. ३ खर्ब ५७ अर्ब २४ करोड कर्जा लगानी भएको छ। आर्थिक वर्ष २०७९/८० फागुनसम्म रू. ४ खर्ब २८ अर्ब १७ करोड निक्षेप सङ्कलन भएकोमा रू. ३ खर्ब ५१ अर्ब २८ करोड कर्जा लगानी भएको छ।

### तालिका ३-खः बैङ्कहरूबाट भएको कर्जा लगानीको विस्तृत विवरण (रू. करोडमा)

| कर्जा विवरण | २०७८/७९ | २०७९/८०* |
|---|---|---|
| कृषि क्षेत्रतर्फ प्रवाहित कर्जा | २९२८ | ३०४५ |
| कृषि, वन तथा पेय पदार्थ | ८२४ | ८६१ |
| औद्योगिक क्षेत्रतर्फ प्रवाहित कर्जा | ५०९३ | ३७४५ |
| निर्माण | २८०० | १४४६ |
| उर्जा | ७१ | ६२ |
| खानी | ३६ | ३६ |
| गैरखाद्य वस्तु उत्पादन | १०४६ | १०४६ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ३१४ | २९४ |
| सेवा क्षेत्रतर्फ प्रवाहित कर्जा | १११.४७ | २७९.८२ |
| पर्यटन | २०४५ | २१२९ |
| थोक तथा खुद्रा व्यापार | ६२९४ | ६४५८ |
| यातायात, भण्डारण र संचार | ६८० | ६०९ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | १७१९ | ३२५२ |
| अन्य | ४०९ | २८६ |
| विशेष कर्जा | | |
| सहुलियतपूर्ण कर्जा | ३१.५६ | २९.१५ |
| व्यवसाय जीवन रक्षा कर्जा | १.३८ | ०.९१ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, पोखरा कार्यालय, २०८० *फागुनसम्म

### तालिका ३ (ग) : बैङ्किङ्ग सेबा सम्बन्धी सूचकहरू

| विवरण | २०७८/७९ | २०७९/८०* |
|---|---|---|
| मोवाइल बैङ्किङ्ग सङ्ख्या | २१००००० | २३००००० |
| इन्टरनेट बैंकिंग सङ्ख्या | २००००० | २००००० |
| डेबिट कार्ड सङ्ख्या | १०००००० | ११००००० |
| क्रेडिट कार्ड सङ्ख्या | १४१०० | १७५०० |
| प्रिपेड कार्ड सङ्ख्या | १९०० | २५०० |

स्रोतः नेपाल राष्ट्र बैङ्क, पोखरा कार्यालय, २०८०

३.५ बैङ्किङ्ग पहुँचको विस्तारसँगै बैङ्किग सेवा समेत विविधिकरण भएको छ। गण्डकी प्रदेशमा डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, मोबाइल बैङ्किङ्ग लगायतका बैङ्किङ्ग सेवाको विस्तार भएको छ।

## सहकारी संस्था

३.६ प्रदेश सरकारको क्षेत्राधिकार भित्र उत्पादक, उपभोक्ता, वित्तीय, बहुउद्देश्यीय र सेवाको क्षेत्रमा गरी कुल ९३८ सहकारी संस्था रहेपनि हालसम्म ४२२ सक्रिय सहकारी संस्था मात्र प्रदेश सरकारको सम्पर्कमा रहेका छन्।

### तालिका ३-गः गण्डकी प्रदेशका सहकारीहरूको आर्थिक विवरण

| आर्थिक विवरण | रकम रू. हजारमा |
|---|---|
| शेयर पूँजी | ११९१३३३६ |
| बचत | ५८२०७९३५ |
| ऋण लगानी | ६४१०९१३९ |
| बाह्य ऋण | २२७०७१७ |
| शेयर लगानी | ७०७४४७ |
| जगेडा कोष | ३२५६६५६ |
| अन्य कोष | १७२९६१७ |
| आयकर दाखिला | १०८७९७ |

स्रोतः सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, २०८०

३.७ प्रदेशको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाका ५ लाख ७८ हजार ४ सय ९५ शेयर सदस्यमध्ये महिला ५३.६ प्रतिशत पुरुष ४५.८ प्रतिशत र अन्य ०.६ प्रतिशत रहेका छन्।

## बीमा

३.८ बीमा व्यवसाय क्रमशः विस्तार हुँदै गएसँगै बीमाको दायरामा आएको जनसङ्ख्या समेत बढ्दै गएको छ। २०७९ फागुनसम्म ४१.० प्रतिशत जनताको बीमामा पहुँच पुगेको छ। २०७९ फागुनसम्म देशभरमा बीमा कम्पनीका कुल २,२९२ जीवन बीमा र १,०३७ निर्जीवन बीमा शाखाहरू रहेकोमा गण्डकी प्रदेशभित्र यस्तो सङ्ख्या क्रमशः २२२ र १३७ रहेको छ।

### तालिका ३-घः गण्डकी प्रदेशमा रहेका बिमकको शाखा सङ्ख्या

| बिमकको प्रकार | २०७५ फागुनसम्म | २०७६ फागुनसम्म | २०७७ फागुनसम्म | २०७८ फागुनसम्म | २०७९ फागुनसम्म |
|---|---|---|---|---|---|
| जीवन बीमा | १२९ | १८२ | १९६ | २३१ | २२२ |
| निर्जीवन बीमा | ९५ | १५४ | १२५ | १३७ | १३७ |
| जम्मा | २२४ | ३३६ | ३२१ | ३६८ | ३५९ |

स्रोतः सम्बन्धित वर्षका नेपाल सरकारका आर्थिक सर्वेक्षण

## व्यवसाय जीवन रक्षा कोष

३.९ कोभिड महामारी पश्चात् व्यवसायीलाई सहुलियत प्रदान गर्न ब्याज अनुदान प्रदान गर्ने गरी आर्थिक वर्ष २०७७/७८ देखि प्रदेश सरकारमार्फत 'व्यवसाय जीवन रक्षा कोष' कार्यक्रम सञ्चालनमा रहेको छ। २०७९ चैतसम्म १,६३८ जनालाई रू. १ अर्ब ८१ करोड २९ लाख ७३ हजार ६ सय ७४ लगानी गरिएको छ। यस अवधिसम्म रु. ९० करोड ६६ लाख ९५ हजार ८ सय ४९ जम्मा बक्यौता रहेको छ।

### चार्ट ३-खः व्यवसायिक जीवन रक्षा कोष अन्तर्गत क्षेत्रगत कर्जा प्रवाह




स्रोतः नेपाल राष्ट्र बैङ्क, पोखरा कार्यालय, २०८०

# ४. कृषि, वन, भूउपयोग तथा वातावरण

## कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान

४.१ आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २६.६० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान २७.६१ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०७९/८० मा यस क्षेत्रको उत्पादन २.६ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ।

**चार्ट ४-कः ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

## विविध कृषिबाली उत्पादन

४.२ कृषि बालीको उत्पादन र क्षेत्रफलको आधारमा गण्डकी प्रदेशमा खाद्यान्न बालीको बाहुल्यता रहेको छ। करिब ८६.० प्रतिशत भन्दा बढी क्षेत्रफलमा लगाइने खाद्यान्न बालीको उत्पादनको हिस्सा भने ५८.४ प्रतिशत रहेको छ। आलु र तरकारीको उत्पादकत्व तुलनात्मक रूपमा उच्च रहेको छ।

### तालिका ४-कः  प्रमुख कृषि बालीको उत्पादन र क्षेत्रफलको स्थिति

क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा

| बालीका प्रकार | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८०* | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल |
| खाद्यान्न बाली | १०५३१३७ | ३७७०९० | १०५४४४५ | ३८६३७१ | १०२१६७० | ३७३४४२ | १०२१६१५ | ३७४१७० |
| दलहन बाली | २३७३९ | २२७०६ | २१०७२ | २०९७१ | १८३०४ | १९२०७ | १७४०० | १९०० |
| तरकारी उत्पादन | ३०१२२० | २३९८० | २८२५९१ | २२७२६ | २९९८४४ | २४२८४ | ३०८०७० | २४४५० |
| आलु बाली | ३२७२०५ | २०२०८ | ३१६९५० | २१०१० | २८११५५ | १८४६४ | २५३०४० | १६६१८ |
| फलफूल उत्पादन | १०७१५४ | १३५७६ | १३९६६१ | २११२० | १४७४५६ | २०००५ | १४८८११ | २०१४५ |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८०  *अनुमान

४.३ गण्डकी प्रदेशभित्र उत्पादन हुने खाद्यान्न बाली मध्ये मकै, धान, गहुँ लगायतका बाली रहेका छन्। खाद्यान्न बालीको उत्पादन र क्षेत्रफलमध्ये दुबैमा मकै बाली प्रमुख रहेको छ।

### तालिका ४-खः खाद्यान्न बालीको उत्पादन र क्षेत्रफल

क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा

| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८०* | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल |
| धान | ४०८७३७ | १०८६९७ | ३९७०९४ | १०६५४१ | ३९११८४ | १०६१९० | ३९११०० | १०६१६० |
| मकै | ४३३५६० | १३९४२१ | ४५०७२१ | १४९४१४ | ४३५२६५ | १४८९२२ | ४३५२६६ | १५०९८६ |
| गहुँ | ९९४०१ | ३८१९१ | १०३३३० | ३८८२२ | ९७६२७ | ३६९८८ | ९७५५० | ३६००० |
| कोदो | १०६१३७ | ८७०८० | १०७९५२ | ८८०३८ | ९४८२९ | ७९४१८ | ९४८०० | ७९००० |
| फापर | २६३३ | १९३८ | २७०३ | १९३२ | २७६५ | १९२४ | २९०० | २०२४ |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८०  *अनुमानित

४.४ खाद्यान्न बालीको उत्पादनमध्ये मकै ४२.६ प्रतिशत, धान ३८.३ प्रतिशत, गहुँ ९.५ प्रतिशत, कोदो ९.३ प्रतिशत र फापर ०.३ प्रतिशत रहेको छ। त्यसैगरी, खाद्यान्न बाली लगाईएको क्षेत्रफल मध्ये मकै ४०.४ प्रतिशत, धान २८.४ प्रतिशत, कोदो २१.१ प्रतिशत, गहुँ ९.६ प्रतिशत र फापर ०.५ प्रतिशत रहेको छ।

### चार्ट ४-खः चालु आर्थिक वर्षमा प्रदेशको खाद्यान्न बालीको संरचना (प्रतिशतमा)




स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८०

४.५ दलहनबाली मध्ये मुसुरो बालीको उत्पादन सबैभन्दा बढी रहेको छ। यद्यपि, दलहन बाली लगाईएको कुल क्षेत्रफलमध्ये मास बालीको क्षेत्रफल सबैभन्दा बढी रहेको छ।

### तालिका ४-गः दलहन बालीको उत्पादन र क्षेत्रफल

क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा

| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८०* | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल |
| मुसुरो | ५९३८ | ५११० | ६५८९ | ४९६७ | ५४८३ | ४७५३ | ५५१४ | ४७८० |
| चना | २८१ | २५३ | २९८ | २७२ | २६६ | २४१ | २६६ | २४१ |
| रहर | २४६ | ३५१ | २८३ | ३९३ | २५३ | ३७० | २४६ | ३६० |
| मास | ५१२१ | ५७२१ | ५४२७ | ७४५८ | ४८२१ | ७१५९ | ४७१३ | ७००० |
| केराउ | ८५ | ७४ | १७७ | १६८ | १७१ | १६५ | १७१ | १६६ |
| गहत | १०७८ | ८६४ | ७९९ | ७६२ | ६३२ | ६९० | ६१५ | ६८५ |
| भटमास | ४१९३ | ३३७२ | ३३९५ | ३१५१ | ३३०८ | ३०४४ | ३३०८ | ३०४४ |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८० *अनुमान

४.६ पछिल्ला वर्षहरूमा नगदेबाली (आलु र तेलहन) को उत्पादन र नगदेबाली लगाइएको क्षेत्रफल दुबै क्रमशः घट्दै गएको छ। आलु उत्पादनको दृष्टिकोणले गण्डक क्षेत्र पनि उपयुक्त क्षेत्र रहेको र पछिल्ला वर्षहरूमा यस्तो उत्पादन घट्दै जानुले आगामी दिनमा आलु बालीको उत्पादन अभिवृद्धि गर्ने दिशातर्फ कृषि कार्यक्रमहरू निर्देशित हुनु आवश्यक छ।

### तालिका ४-घः नगदेबाली उत्पादन र क्षेत्रफल

क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा

| नगदेबाली | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८०* | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल |
| आलु | ३२७२०५ | २०२०८ | ३१६९५० | २१०१० | २८११५५ | १८४६४ | २५३०४० | १६६१८ |
| तेलहन | ९४६५ | ९३२१ | ९३८७ | ९३१६ | ९१५९ | ९२०० | ८७०० | ८७५१ |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८० *अनुमानित

४.७ चालु आर्थिक वर्षमा सबै मसलाबालीको उत्पादन र मसलाबाली लगाइएको क्षेत्रफल दुबैमा वृद्धि भएको छ। नगदेबालीको रूपमा रहेको अलैंचीको उत्पादनतर्फ पछिल्लो समयमा आकर्षण बढ्दै गएको हुँदा थप उत्पादन अभिवृद्धि गर्न किसानलाई उत्पादनमा आधारित प्रोत्साहन सुविधा व्यवस्था हुनु आवश्यक छ।

### तालिका ४-ङः मसलाबालीको उत्पादन र क्षेत्रफल

क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा

| मसलाबाली | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८०* | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल |
| अलैंची | ३१३ | ५७१ | ३१३ | ५७१ | ४२० | ५६०.६१ | ६५० | ८३४ |
| अदुवा | ४१२८० | ३४५४ | ३५५८३ | ३१६४ | ३८७२६ | ३२४६ | ४११०९ | ३४४६ |
| बेसार | ७२९३ | ७९४ | ७७६४ | ८०३ | ९५०७ | ८३७ | ९५४१ | ८४० |
| खुसार्नी | ६०८७ | ९९५ | १८०६ | ४१४ | २६९५ | ५०२ | २७३७ | ५१० |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश २०८० *अनुमानित

४.८ सुन्तला र स्याउ उत्पादनको प्रचुर सम्भावना भएको गण्डकी प्रदेशमा पछिल्लो ४ आर्थिक वर्षमा भने सुन्तलाको उत्पादनमा उतारचढाव देखिएको छ। स्याउ विशेष कार्यक्रममार्फत नयाँ स्याउको बगैचा निर्माण भएको हुँदा पछिल्ला वर्षमा स्याउ उत्पादन र स्याउ लगाइएको क्षेत्रफल दुबैमा उल्लेख्य वृद्धि हुँदै गएको छ।

### तालिका ४-च : फलफूल उत्पादन र क्षेत्रफल

क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा

| फलफूल | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८०* | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल | उत्पादन | खेती क्षेत्रफल |
| सुन्तला | ५९९१५ | ३५३४ | ५९९४२ | ५२४९ | ५०८५० | ५७९८ | ५५९३५ | ५७९८ |
| स्याउ | ६७९२ | ५९३ | ८७१३ | ७६१ | ८८०० | ७६४ | ९१०० | ७८१ |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८०

## पशुपन्छीपालन

४.९ गण्डकी प्रदेशमा मूख्यगरी गाई, भैंसी, बाख्रा, भेडा, च्याङ्ग्रा, सुँगुर, बुँगुर, कुखुरा, हाँस पाल्ने गरिन्छ। आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा पालिएका गाई, भैंसी, बाख्रा, सुँगुर आदिको सङ्ख्या बढेको छ। यद्यपि, यस अवधिमा भेडा, कुखुरा तथा हाँसको सङ्ख्या अघिल्लो वर्षको तुलनामा घटेको छ। साथै, दुध, अन्डा, मासु तथा ऊन उत्पादन समेत घटेको छ।

### तालिका ४-छः पशुपन्छीको विवरण (सङ्ख्यामा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| गाई/गोरू | ५५११६२ | ४८१८६५ | ३६००९५ | ३७१०४१ |
| भैंसी/राँगा | ६९९०९५ | ६७७४९० | ५२१४९८ | ५२२०१४ |
| बाख्रा/बाखी | १५४१५३९ | १५३३६२९ | १७४८३२५ | १७८९४३२ |
| भेडा/भेडी | ८६२३१ | १०७८२० | ९९८६९ | ९४२६१ |
| सुँगुर/बंगुर | १९३४८२ | १६२१५३ | १८५८५५ | १८७२४५ |
| कुखुरा | ५९८९७०४ | ६७८५६०७ | ८१५८५२३ | ७४४१५६२ |
| हाँस | ११६४६० | ४२७१२ | ९८१६३ | ८१२६५ |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८०

४.१० भैंसी/राँगाको सङ्ख्या घटेसँगै वर्सेनि दूध उत्पादनमा कमी आएको देखिन्छ भने मासुको उत्पादनमा उच्च उतारचढाव रहेको छ। चालु आर्थिक वर्षमा अन्डाको उत्पादन घटेको भएतापनि विगतका केही वर्षदेखि यसको उत्पादनमा भने क्रमशः वृद्धि हुँदै गएको छ। माछाको उत्पादन भने हरेक वर्ष वृद्धि हुँदै गएको छ।

### तालिका ४-जः दुध, अन्डा तथा मासु उत्पादन

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|
| दुध (मे.ट.) | २७८६४४ | २३७३०२ | २३८०७७ | २२८८९५ |
| मासु (मे.ट.) | ५७६७९ | ५२३६७ | ५८९९५ | ५०९३२ |
| अन्डा (हजार गोटामा) | १३७९५८ | १४४७३४ | १५६४५१ | १५२५३५ |
| माछा (मे.ट.) | १२६१ | ३५८० | ४४०३ | ४५०६ |
| ऊन (किलोग्राम) | ७३९२७ | ७४१५० | ६७०९७ | ६२८६३ |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८० *अनुमानित

## कृषि सम्बन्धी कार्यक्रम तथा आयोजनाको उपलब्धि

४.११ चालु आर्थिक वर्षको फागुनसम्म मुस्ताङ, बाग्लुङ, तनहुँ र गोरखा गरी ४ जिल्लामा ७ समूहमार्फत १०३४ रोपनी जमिन चक्लाबन्दी गरिएको छ।

४.१२ कास्की जिल्लाको स्थानीय तहहरू, नापी कार्यालय तथा मालपोत कार्यालयको समन्वयमा कित्तानापी नक्सामा कन्ट्रोल पोईन्ट स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गरी १०० वटा कन्ट्रोल पोईन्ट स्थापना गरिएको, २०० कि.मि. बाटोको फिल्ड सर्भे सम्पन्न भएको जसमध्ये १६ कि.मि. बाटोको लगत तयार भएको।

४.१३ स्याउ विशेष तथा शितोषण फलफूल विकास आयोजना मार्फत ६८ हजार १ सय १० उच्च घनत्व प्रविधिमा आधारित स्याउका बिरुवा आयात गरी मुस्ताङ, मनाङ, बाग्लुङ, गोरखा, म्याग्दी र लमजुङ गरी ६ जिल्लाका ६१ कृषकलाई वितरण गरिएको छ। यसबाट करिब ४५५ रोपनी क्षेत्रफलमा नयाँ स्याउ बगैंचा स्थापना भएका छन्।

४.१४ साना सिँचाई पूर्वाधार विकास कार्यक्रममार्फत नयाँ कुलो निर्माण, पुरानो कुलो मर्मत, पाईप वितरण लगायतका क्रियाकलापबाट ११८ हेक्टर जमिनमा सिँचाई सुविधा पुगेको छ जसबाट ५६०५ किसान लाभान्वित भएका छन्।

४.१५ प्रदेशभित्रका ६ गाँउमा सञ्चालित मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाँउ कार्यक्रममार्फत ४१९ प्लाष्टिक घर निर्माण, १७३ वाख्राको खोर, ७ बंगुरको खोर र २९ कुखुराको खोर निर्माण भएको छ। साथै, १४३ गोठमा भकारो सुधार गरिएको छ। त्यसैगरी, २९ हेक्टरमा स्याउ, २ हेक्टरमा केरा, ३ हेक्टरमा ओखर, ४.५ हेक्टरमा सुन्तलाजात फलफूल र ४.७५

हेक्टरमा चिया खेती विस्तार भएको छ। यस कार्यक्रमबाट ६,३५३ किसान लाभान्वित भएका छन्।

४.१६ साना पशुपन्छी व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रममार्फत ३८८ नयाँ खोर/गोठ निर्माण गरिएको छ। साथै, १७७ खोर/गोठको सुधारमा सहयोग गरिएको छ। यस कार्यक्रममार्फत ५४६ किसान लाभान्वित भएका छन्।

४.१७ कृषि अनुदान अन्तर्गत ९८.८ हेक्टर बाँझो जमिनमा खेती गरेबापत प्रति रोपनी रु.५००० का दरले किसानलाई प्रोत्साहन अनुदान उपलब्ध गराईएको छ। त्यसैगरी, १२८ हेक्टर क्षेत्रफलमा मौसमी तथा वेमौसमी तरकारी उत्पादन गर्ने कृषकलाई प्रति रोपनी रू.३००० का दरले प्रोत्साहन सहयोग उपलब्ध गराईएको छ। यस्तो अनुदान कार्यक्रमबाट करिव ७५१ कृषक प्रत्यक्ष लाभान्वित भएका छन्।

४.१८ यस अवधिमा १२२ मे.टन कुल भण्डारण क्षमताका ७ कोल्ड रुम, २ दुग्ध चिस्यान केन्द्र, ४ बीउ प्रशोधन केन्द्र र ५ कृषि उपजको प्रशोधन केन्द्र निर्माण भएका छन्

४.१९ बिज वृद्धि कार्यक्रममार्फत १७३ मेट्रिक टन धान, १९७ मेट्रिक टन मकै, ८ मेट्रिक टन गहुँ, ७ मेट्रिक टन काक्रो, १.२ मेट्रिक टन रायोको बीउ, ०.३ मेट्रिक टन तोरी र ०.५ मेट्रिक टन सिमीको बीउ उत्पादन भएको छ। विशेषबाली प्रवर्द्धन कार्यक्रममार्फत २५ मेट्रिक टन सूर्यमुखी, ३४ मेट्रिक टन तोरी, २० मेट्रिक टन कोदो, १० मेट्रिक टन कागुनो, १२ मेट्रिक टन सिमी, १.५ मेट्रिक टन उवा र १.५ मेट्रिक टन जौ उत्पादन प्रवर्द्धन गरिएको छ। यस कार्यक्रमबाट ७६४ कृषक लाभान्वित भएका छन्।

४.२० पशुको पूर्ण खोप कार्यक्रम अन्तर्गत १५५ खोपकर्ता परिचालन भई ११ जिल्लाका ३९ स्थानीय तहमा १ लाख ४० हजार भन्दा धेरै कृषकको घरधुरीमा पुगी पशुलाई १२ लाख ९६ हजार डोज खोप लगाईएको छ।

४.२१ विभिन्न ५३ सहकारी संस्थामार्फत ८,४५० मे.टन दूध बिक्री गर्ने ६,४३८ कृषकलाई अधिकतम प्रति लिटर रु.२.५ का दरले प्रोत्साहन अनुदान उपलब्ध गराईएको छ। त्यसैगरी, १०८१ वटा उन्नत नश्लका पाडी बाच्छी हुर्काएबापत प्रति पाडी/बाच्छी १० हजारका दरले प्रोत्साहन उपलब्ध गराईएको छ।

४.२२ भेटेरिनरी अस्पतालबाट २ लाख ६७ हजार ८४ पटक उपचार सेवा उपलब्ध गराईएको, छ। यस अवधिमा २२ हजार ९ सय ९१ नमूनाको प्रयोगशालामा परीक्षण गरिएको छ। साथै, विज्ञ केन्द्रहरूबाट ५,७५२ पटक र निजी रूपमा र स्थानीय तहबाट ७५ हजार ७ सय ३९ पटक गरी कुल ८१ हजार ४ सय ९१ पटक कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईएको छ।

### वन क्षेत्र

४.२३ गण्डकी प्रदेशको कुल क्षेत्रफल मध्ये ८,१४६ वर्ग किलोमिटर अर्थात ३७.८ प्रतिशत भू—भाग वनजङ्गलले ढाकेको छ भने ९.६ प्रतिशत भू—भाग बुट्यानले ढाकेको छ। यस प्रदेशमा अवलम्वन गरिएका समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षण क्षेत्र, कवुलियती वन आदि) विश्वमै उदाहरणीय रहेको छ।

#### तालिका ४-झ : वन क्षेत्रको विवरण

| वन | किसिम | सख्या | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| राष्ट्रिय वन (८१४६३० हे.) | सामुदायिक वन | ३९४९ | २६०१९० |
| | साझेदारी वन | १ | ६७२.८६ |
| | कबुलियत वन | ११२७ | ५३२१ |
| | धार्मिक वन | ३५ | ३५३.५३ |
| | सरकारद्वारा  व्यवस्थित चक्ला वन | १ | ३३३९ |
| | सरकारद्वारा व्यवस्थित वन | | ५४४७५३ |
| निजी वन (२१८ हे.) | दर्ता भएका निजी वन | ४१२ | २१८ |
| **जम्मा वन क्षेत्र** | | | **८१४८४७** |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०८०

४.२४ गण्डकी प्रदेशको कुल भू-भाग मध्ये वन जंगलको क्षेत्र सबैभन्दा बढी ३३.८ प्रतिशत रहेको छ। यस प्रदेशमा कृषि योग्य जमिन १४.१ प्रतिशत र नाङ्गो भूमि १७.७ प्रतिशत रहेको छ। त्यसैगरी, हिम क्षेत्र १६.७ प्रतिशत रहेको छ। बसोबास गर्ने क्षेत्र कुल भू-भागको १.० प्रतिशत भन्दा पनि न्यून रहेको छ।

#### तालिका ४-ञः भू—उपयोगको स्थिती

| भू—उपयोगको प्रकार | क्षेत्रफल (वर्ग कि.मी) | प्रतिशत |
|---|---|---|
| कृषि भूमि | ३१११.५२ | १४.१३ |
| नाङ्गो भूमि | ३८९२.५१ | १७.६८ |
| वन जंगल | ७४३९.९६ | ३३.७९ |
| तृणभूमि | १९२१.५४ | ८.७३ |
| बसोवास क्षेत्र | १३८.४० | ०.६३ |
| झाडी भूमि | १७१९.९४ | ७.८१ |
| हिम क्षेत्र | ३६८२.१४ | १६.७२ |
| जल क्षेत्र | १०९.०० | ०.५० |
| **जम्मा** | **२२०१५.०१** | **१००** |

स्रोतः गण्डकी प्रदेशको स्रोत नक्साङ्कन, २०७५

४.२५ गण्डकी प्रदेश सरकारले जैविक विविधता संरक्षणको लागि विभिन्न कार्यहरू गर्दै आएको छ। जैविक विविधताका लागि रणनीतिक योजना २०११-२० ले जैविक विविधता लक्ष्य राखेर कार्य गर्दै आएको छ। यस अन्तर्गत वनको वैज्ञानिक व्यवस्थापन र उपयोग गर्ने, वातावरण संरक्षण र जनताको आय आर्जनसँग आवद्ध गर्ने, तथा राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष र संरक्षित क्षेत्रको दिगो व्यवस्थापन गर्ने जस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको छ।

### तालिका ४-टः वन तथा संरक्षित क्षेत्रको अवस्था र दिगो विकास लक्ष्य

| सूचक | गण्डकी | | | राष्ट्रिय | |
|---|---|---|---|---|---|
| | २०७२ | २०८० | २०८७ | २०७२ | २०८७ |
| कुल भूक्षेत्रको अनुपातमा वन क्षेत्र (प्रतिशत) | ३७.८ | ४१ | ४१ | ४४.७ | ४४.७ |
| समुदायमा आधारित व्यवस्थापन अन्तर्गत रहेको वन क्षेत्र (प्रतिशत) | २९ | २९ | २९ | ३९ | ४२ |
| संरक्षित क्षेत्र (वनसहित कुल भूभागको प्रतिशत) | ४५.४ | ४५.४ | ४५.४ | २३.२ | २३.२ |
| ताल, सिमसार, तलाउ, पोखरी संरक्षण (सङ्ख्या) | ५५० | १००० | १००० | १७२७ | ५००० |
| ताल, सिमसार, तलाउ, पोखरीहरू भएको क्षेत्र (हेक्टर) | ८२५ | १५०० | १८०० | | |
| कवुलियत वन समूहलाई वन हस्तान्तरण (हजार हेक्टर) | ४.८ | ५ | ५ | ४४.६ | ४४.६ |

स्रोतः राष्ट्रिय योजना आयोग र नीति तथा योजना आयोग, गण्डकी २०७७

४.२६ मुलुकको कुल संरक्षित क्षेत्रमध्ये गण्डकी प्रदेशको संरक्षित क्षेत्रको क्षेत्रफल २९.२ प्रतिशत र मुलुकको कुल भू-भागको ६.८२ प्रतिशत रहेको छ। राष्ट्रिय औसतको दृष्टिकोणले गण्डकी प्रदेशमा बाघ र गैंडाको सङ्ख्या न्यून रहेको छ।

### तालिका ४-ठः संकटापन्न अवस्थामा रहेका वनस्पती तथा प्राणी र तिनको संरक्षण लक्ष्य

| सूचक | गण्डकी | | | राष्ट्रिय | |
|---|---|---|---|---|---|
| | २०७२ | २०८० | २०८७ | २०७२ | २०८७ |
| संकटापन्न अवस्थामा रहेका वनस्पती (प्रतिशत) | ०.४८ | ०.१६ | ० | ०.४८ | ० |
| संकटापन्न अवस्थामा रहेका प्राणी (प्रतिशत) | ०.८१ | ०.२७ | ० | ०.८१ | ० |
| जंगली बाघ (सङ्ख्या) | ५ | ५ | ५ | १९८ | २२५ |
| गैंडा (सङ्ख्या) | १० | १० | १० | ५३४ | ७८३ |
| संरक्षण योजना अन्तर्गतका वनस्पती (सङ्ख्या) | ० | १ | २ | ३ | १५ |
| संरक्षण योजना अन्तर्गतका प्राणी/जीव (सङ्ख्या) | ३ | ५ | ७ | ५ | १५ |

स्रोतः राष्ट्रिय योजना आयोग र नीति तथा योजना आयोग

# ५. गरिबी निवारण, श्रम तथा रोजगारी

## गरिबी

५.१ नेपालमा गरिबीको रेखामुनी रहेका जनसङ्ख्या १५.१ प्रतिशत, बहुआयामिक गरिबी १७.४ प्रतिशत र मानव विकास सूचकाङ्क ०.६०२ रहेको छ। गण्डकी प्रदेशमा बहुआयामिक गरिबी ९.६ प्रतिशत तथा मानव विकास सूचकाङ्क ०.६१८ रहेको छ।

५.२ गण्डकी प्रदेशको मुस्ताङ तथा मनाङ जिल्लामा उच्च गरिबी रहेको छ भने कास्की, स्याङ्गजा, पर्वत लगायतका जिल्लामा गरिबी न्यून रहेको छ।

चार्ट ५-कः जिल्लागत रूपमा गरिबीको अवस्था




स्रोतः प्रदेश नीति तथा योजना आयोग, गण्डकी, २०७७

## सामाजिक सुरक्षा कोषमा आबद्धता

५.३ चालु आर्थिक वर्षको फागुनसम्म थप ९६ रोजगारदाता तथा १,४५९ योगदानकर्ता सामाजिक सुरक्षा कोषमा सूचीकृत भइ २०७९ फागुनसम्म गण्डकी प्रदेशमा ७७६ रोजगारदाता र १२ हजार ९ सय ७२ योगदानकर्ता सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन्।

## तालिका ५-कः गण्डकी प्रदेशमा सामाजिक सुरक्षा कोषमा आवद्ध भएका रोजगारदाता तथा योगदानकर्ता

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* | २०७९ फागुनसम्म |
|---|---|---|---|---|---|---|
| सूचीकृत रोजगारदाता | १४० | ४३६ | १०४ | ११७ | ३३ | ८३० |
| सूचीकृत योगदानकर्ता | ६९३ | ५५३३ | ५२८७ | २०७५ | १६२० | १५२०८ |

स्रोतः आर्थिक सर्वेक्षण २०७९/८० *पहिलो ८ महिनाको (फागुनसम्म)

# ६. ऊर्जा, सिञ्चाई तथा खानेपानी

## उर्जा

६.१ जलविद्युत उत्पादनको दृष्टिकोणले गण्डकी प्रदेश प्रचुर सम्भावना बोकेको प्रदेश हो। राष्ट्रियस्तरमा विद्युतको पहुँच २०७९ फागुनसम्म ९५.० प्रतिशत रहेकोमा गण्डकी प्रदेशमा ९८.० प्रतिशत पुगेको छ। नवीकरणीय उर्जा (सौर्य र लघु जलविद्युत) मार्फत ३.८२ प्रतिशत गरी कुल ९९.५ प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुगेको छ। राष्ट्रिय प्रसारण लाइन तथा नवीकरणीय उर्जामार्फत प्रदेशका ५ लाख ७७ हजार ६ सय ८२ घरधुरीमध्ये ५ लाख ७४ हजार ७ सय ९८ घरपरिवारमा विद्युतको पहुँच पुगेको छ।

### तालिका ६-कः ऊर्जा क्षेत्रका उपलब्धी

| कार्यक्रम | उपलब्धी | | | लाभान्वित घरधुरी | लाभान्वित जनसङ्ख्या |
|---|---|---|---|---|---|
| विद्युत विस्तार | HT Line KM | LT line KM | Transformer | | |
| | २५२.६९ | ३८३.६७ | ८० | ५७३३ | १६८१९ |
| काठेपोल प्रतिस्थापन | ३०४८१ काठेपोल स्टिल पोलद्वारा प्रतिस्थापन | | | | १४९४६७ |
| लघु जलविद्युत उर्जा | • ९० लघु जलविद्युत आयोजना मर्मत ३२९५ किलोवाट विद्युत नियमित भएको<br>• ३० किलोवाट क्षमताका आयोजना निर्माण शुरु भएको | | | १५४४० | |
| घरेलु सौर्य उर्जा | प्रदेशको ७५.० प्रतिशत अनुदानमा राष्ट्रिय प्रसारण लाइनमा तत्काल जोडिने सम्भावना नभएका ७ स्थानीय तहमा सोलार बत्ती पुगिसकेको | | | १२०५ | |
| संस्थागत सौर्य उर्जा प्रविधि | प्रदेशका ५ जिल्लाका १५ संस्थामा सौर्य उर्जा जडान गरी १७२ किलोवाट क्षमता उर्जा उत्पादन भइरहेको | | | | |
| उर्जामा रोजगारी | प्रदेश आयोजनामार्फत १५१९६० कार्यदिन बराबरको रोजगारी सिर्जना भएको | | | | |
| सौर्य सडक बत्ती जडान | २४ | | | | |
| स्मार्ट सडक बत्ती जडान | ११५ | | | | |

स्रोतः कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय, २०८०

६.२ चालु आर्थिक वर्षको फागुनसम्म गण्डकी प्रदेशको प्रति व्यक्ति विद्युत खपत २१० किलोवाट घण्टा पुगेको छ। यस प्रदेशभित्र निर्माण सम्पन्न भएका जलविद्युत आयोजनाको कुल जडित क्षमता २०७९ फागुनसम्म ७३३ मेगावाट पुगेको छ।

### तालिका ६-खः प्रदेश आवधिक योजनामा उर्जासम्बन्धीत सूचकको प्रगति अवस्था

| कार्यक्रम | आधार वर्ष २०७५/७६ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|
| जलविद्युत आयोजनाको जडित क्षमता (मे.वा.) | ४४८.५ | ५९५ | ७३३ |
| बत्ती बाल्न आधुनिक ऊर्जाको प्रयोग गर्ने घरधुरी (प्र.श.) | ८८ | ९९.५ | ९९.५ |
| प्रति व्यक्ति विद्युत खपत (किवा घण्टा) | १९० | २१० | २१० |
| विद्युत पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ८७.३९ | ९५.६८ | ९८.० |

स्रोतः कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय २०८०/आर्थिक सर्वेक्षण २०७९/ ८० *फागुनसम्म

## तटबन्ध निर्माण

६.३ २०७९ चैतसम्म ९५.४४ किलोमिटर तटबन्धन निर्माण र ३,१४१ हेक्टर जग्गा उकास भएको छ। २०७८ चैतसम्म ७९.७३ किलोमिटर तटवन्ध निर्माण र २,४६४ हेक्टर जग्गा उकास भएको थियो।

### तालिका ६-गः चैत मसान्तसम्मको तटबन्धन तथा जग्गा उकासको अवस्था

| विवरण | तटबन्धन (कि मी) | जग्गा उकास (हेक्टर) |
|---|---|---|
| २०७९ असारसम्म | ८४.६२ | ३०१८ |
| आर्थिक वर्ष २०७९/८० | १०.८२ | १२३ |
| २०७९ चैतसम्म | ९५.४४ | ३१४१ |

स्रोतः कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय, २०८०

## खानेपानी तथा सरसफाई

६.४ गण्डकी प्रदेशमा आधारभूत स्तरको खानेपानीको पहुँच २०७९ चैतसम्म ९३.७५ प्रतिशत पुगेको छ। २०७९ फागुनसम्म ६ लाख ३४ हजार जनसङ्ख्या आधारभूत खानेपानीको सुविधाबाट लाभान्वित भएका छन्। गण्डकी प्रदेशमा मध्यम तथा उच्च स्तरको खानेपानीको पहुँच १८.० प्रतिशत रहेको छ। आधारभूतस्तरको सरसफाईको पहुँच शतप्रतिशत जनसङ्ख्यामा पुगेको छ।

### तालिका ६-घ : निजी धारा जडानको विवरण (सङ्ख्यामा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* | २०७९ फागुन | लाभान्वित जनसङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| धारा जडान | १७१४८ | २२६५६ | ३७९७८ | २७००८ | ७७६६ | ११२५५६ | ६३४५९० |

स्रोतः कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय, २०८० * फागुनसम्म

# ७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

## सडक

७.१ गण्डकी प्रदेशमा २०७९ फागुनसम्म प्रादेशिक तथा स्थानीयस्तरमा कच्ची, ग्राबेल र कालोपत्र सडकसहित ११ हजार ७ सय २८ किलोमिटर सडक सञ्जाल पुगेको छ। जसमध्ये प्रादेशिक सडक सञ्जाल १७.७५ प्रतिशत अर्थात् २ हजार ८२ किलोमिटर रहेको छ।

### तालिका ७-कः प्रदेशगत सडक सञ्जाल (प्रादेशिक तथा स्थानीय सडकसहित)

| प्रदेश | धुलो | ग्राबेल | कालोपत्र | जम्मा | प्रदेशको अंश |
|---|---|---|---|---|---|
| कोशी | ९९२३ | २६७१ | ९०४ | १३४९८ | २०.४ |
| मधेस | २७५९ | २९०५ | ३९६ | ६०६० | ९.२ |
| बागमती | १२१२२ | २८९७ | १४६१ | १६४८० | २५.० |
| गण्डकी | ९७१० | १३१९ | ६९९ | ११७२८ | १७.८ |
| लुम्बिनी | ५५२४ | २७६४ | ९६१ | ९२४९ | १४.० |
| कर्णाली | ३१३३ | २१४ | ९१ | ३४३८ | ५.२ |
| सुदुरपश्चिम | ४१४९ | १२३० | २२५ | ५६०४ | ८.५ |
| **जम्मा** | **४७३२०** | **१४०००** | **४७३७** | **६६०५७** | **१००.०** |

स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०

७.२ आर्थिक वर्ष २०७९/८० को फागुनसम्म गण्डकी प्रदेशमा कालोपत्रे सडक ७५.४६ किलोमिटर, ग्राभेल ६९.९० किलोमिटर तथा कच्ची सडक ५५.९५ किलोमिटर निर्माण भएको छ।

### तालिका ७-खः प्रदेश भित्रको सडकको लम्बाई (किलोमिटरमा)

| सडकको प्रकार | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | फागुनसम्म | |
|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० |
| कालोपत्रे | ५२.२३ | ६५.१६ | २११.९ | १६५.१६ | ५५.३६ | ७५.४६ |
| ग्राभेल | ११३.२८ | १३८.४३ | १५२.२७ | ११६.६४ | १५४.९८ | ६९.९ |
| कच्ची | ९३.६४ | ७१.६७ | ८८.७६ | ७९.३२ | २७.१४ | ५५.९५ |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८०

## प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि

७.३ प्रथम पञ्चवर्षीय योजनामा आर्थिक वर्ष २०८०/८१ सम्म १२६० कि मी सडक कालपोत्रे गर्ने लक्ष्य रहेकोमा हालसम्म करिब ५१० किमी सडक मात्र कालोपत्रे भएको छ।

### तालिका ७-ग: प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि

| सूचक | इकाई | लक्ष्य | कार्यान्वयनमा रहेका | हालसम्मको उपलब्धि |
|---|---|---|---|---|
| सडक कालोपत्रे | किलोमिटर | १२६० | ५५० | ५१० |
| सडक पुल | वटा | २९० | ११२ | ७३ |
| झोलुङ्गे पुल | वटा | २५० | ११८ | ५२ |
| शहरी सडक | किलोमिटर | ४० | ६ | ६ |
| सडक मर्मत | किलोमिटर | १००० | | ५०० |
| शहरी विकास | वटा | ५ satellite city | २ वटा satellite city | भिमादः २०० मि सडक ढलान र नाली निर्माण, मध्येनेपालः १७५ मि सडक ढलान र नाली निर्माण, कुश्माः वडा कार्यालय भवन निर्माण (९ र ११), पुतलीबजारः वडा कार्यालय भवन निर्माण (९) |
| जनता आवास | वटा | २००० | ९२१ | १४०० |
| भवन | वटा | पहिचान युक्त प्रदेश प्रशासनिक केन्द्र, एकीकृत सरकारी भवन | ६ वटा प्रशासनिक भवन, एकीकृत प्रशासनिक भवनको अवधारणा तयार, प्रदेश सभा भवन DPR | |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८०

## यातायात

७.४ चालु आर्थिक वर्षको फागुनसम्म २३ हजार १ सय ७० सवारी साधन दर्ता भएका छन्। दर्ता भएका सवारीसाधन मध्ये मोटरसाईकलको सङ्ख्या सबैभन्दा बढी रहेको छ।

### तालिका ७-घः गण्डकी प्रदेशमा दर्ता भएका विभिन्न किसिमका सवारीका साधनहरू

| सवारी साधन | २०७८/७९ | २०७९/८०* |
|---|---|---|
| बस | १६५ | १३२ |
| मिनिबस/मिनी ट्रक | १३० | २५१ |
| क्रेन/डोजर/एक्साभेटर/ट्रक | ६५७ | ३१४ |
| जिप/कार/भ्यान | १५२४ | १९६१ |
| पिकअप | १०१३ | ९६५ |
| माइक्रोबस | ४५ | ८८ |
| टेम्पो | १३३ | १७५ |
| मोटरसाइकल | ४५०९१ | १९०९५ |
| टेक्टकर/पावर टेलर | ३३२ | १८५ |
| इ-रिक्सा | १ | २ |
| अन्य | ४ | २ |
| **जम्मा** | **४९०९५** | **२३१७०** |

स्रोतः भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश

७.५ गण्डकी प्रदेशका ६७.३ प्रतिशत पुरुष तथा ३८.६ प्रतिशत महिलाले इन्टरनेटको प्रयोग गर्छन। पछिल्लो समयमा अनलाइन सञ्चार माध्यममा उल्लेख्य वृद्धि भएको छ। इन्टरनेट प्रयोग गर्ने पुरुषको राष्ट्रिय अनुपात ४८.५४ र महिलाको २३.२८ रहेको छ। गण्डकी प्रदेशमा यस्तो अनुपात क्रमशः ६१.२७ र ३८.६ रहेको छ।

### तालिका ७-ङः नेपाल टेलिकमले प्रवाह गरेको सेवा

| आर्थिक वर्ष | PSTN | ADSL | FTTH | Lease line | Post- Paid | Pre-Paid | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०७८/७९ | ४४४ | ३१८ | ११७१० | २४ | ५६४२ | १७२४०२ | १९०५४० |
| २०७९/८०* | १०४ | ५४ | ९४४८ | २६ | २८९२ | ९४३५१ | १०६८७५ |

स्रोतः नेपाल टेलिकम, २०७९ *फागुनसम्म

# ८. उद्योग, वाणिज्य तथा पर्यटन

## उद्योग क्षेत्र

८.१ आर्थिक वर्ष २०७९/८० गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा समग्र उद्योग क्षेत्रको योगदान १७.४ प्रतिशत रहने अनुमान गरिएको छ।

**चार्ट ८-कः गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान (प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

## उद्योग तथा वाणिज्य

८.२ आर्थिक वर्ष २०७९/८० को फागुनसम्म गण्डकी प्रदेशमा ८३० उद्योग दर्ता भएका छन्। यी उद्योगमा रू. ५ खर्ब ९७ अर्ब २५ करोड लगानी स्वीकृत भई उद्योगको सञ्चालनबाट ४० हजार ९३ रोजगारी सिर्जना हुने अनुमान छ।

**तालिका ८-कः प्रादेशिक आधारमा लघु, घरेलु तथा साना उद्योगहरूको दर्ताको विवरण**




स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०

८.३ २०७९ फागुनसम्म गण्डकी प्रदेशमा दर्ता भएका लघु तथा साना उद्योगको सङ्ख्या ७१ हजार ८ सय ९७ र वाणिज्य फर्मको सङ्ख्या ६८ हजार ३ सय ६४ पुगेको छ।

### तालिका ८-खः गण्डकी प्रदेशमा उद्योग तथा वाणिज्य दर्ता

| आर्थिक वर्ष | लघु, घरेलु तथा साना उद्योग सङ्ख्या | वाणिज्य फर्मको सङ्ख्या |
|---|---|---|
| २०७८/७९ | ६९०८६ | ६५८४१ |
| २०७९/८० को फागुनसम्ममा थप | २८११ | २५२३ |
| २०७९ फागुनसम्म | ७१८९७ | ६८३६४ |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०८०

८.४ चालु आर्थिक वर्षको फागुनसम्म ५३० ले उद्यमशीलता विकास तालिम र ९२७ ले सीप विकास तालिम प्राप्त गरेका छन्। गत आर्थिक वर्षमा यस्तो सङ्ख्या क्रमशः १,२४१ र १,४१८ रहेको थियो।

### तालिका ८-गः उद्यमी उत्पादन तालिम

| शिर्षक | २०७८/७९ | २०७९/८०* |
|---|---|---|
| सीप विकास तालिम | १४१८ | ९२७ |
| उद्यमशीलता विकास तालिम | १२४१ | ५३० |
| **जम्मा** | **२६५९** | **१४५७** |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०८०

## एक स्थानीय तह एक औद्योगिक ग्राम

८.५ नेपाल सरकारको घोषित नीति एक स्थानीय तह एक औद्योगिक ग्राम अन्तर्गत गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये औद्योगिक ग्राम स्थापनाको सम्भाव्यता अध्ययन भई सम्भाव्य देखिएका ५१ स्थानीय तहमध्ये नेपाल सरकारले २६ स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरेको छ।

८.६ गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७९/ ८० को फागुनसम्म १० स्थानीय तहमा पूर्वाधार निर्माणका लागि बजेट हस्तान्तरण गरी पूर्वाधार निर्माणका कार्य भईरहेको छ।

## प्रदेश औद्योगिक क्षेत्र

८.७ आर्थिक वर्ष २०७९/८० मा लोकाहाखोला औद्योगिक क्षेत्र, नवलपरासी बर्दघाट सुस्तापूर्व र पूँडिटार औद्योगिक क्षेत्र, तनहुँ, कास्की गरी दुवै औद्योगिक क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन तयार भइरहेको छ। साथै,जग्गा भोगाधिकार प्राप्तिका लागि प्रदेश मन्त्रिपरिषद्बाट निर्णय भई नेपाल सरकारसमक्ष अनुरोध गरिएको छ।

### तालिका ८-घः प्रदेश औद्योगिक क्षेत्रको अवस्था

| प्रदेश औद्योगिक क्षेत्र | क्षेत्रफल (बिघा) |
|---|---|
| लोकाहाखोला औद्योगिक क्षेत्र, नवलपरासी बर्दघाट सुस्तापूर्व | १४१ |
| पूँडिटार औद्योगिक क्षेत्र, तनहुँ, कास्की | ३३१ |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०८०

८.८ २०७९ फागुनसम्म गण्डकी प्रदेशमा दर्ता भएका उद्योगको सङ्ख्या ७१ हजार ८ सय ९७ पुगेको छ भने दर्ता हुने वाणिज्य फर्मको सङ्ख्या ६८ हजार ३ सय ६४ पुगेको छ।

### तालिका ८-ङ : उद्योग र वाणिज्य फर्म दर्ताको विवरण (सङ्ख्यामा)

| जिल्ला | २०७९ असारसम्म | | २०७९/८०* | | २०७९ फागुनसम्म | |
|---|---|---|---|---|---|---|
| | उद्योग | वाणिज्य | उद्योग | वाणिज्य | उद्योग | वाणिज्य |
| कास्की | २२६३४ | २६१४२ | ७५७ | ७८७ | २३३९१ | २६९२९ |
| तनहुँ | १२५४६ | ९७६९ | ४६४ | ३७७ | १३०१० | १०१४६ |
| गोरखा | १६९९ | ७७५ | २२० | २८३ | १९१९ | १०५८ |
| लमजुङ | ५४३७ | ५०७१ | २२८ | १६६ | ५६६५ | ५२३७ |
| मनाङ | ४८५ | ९३ | ७ | २ | ४९२ | ९५ |
| नवलपरासी (ब.सु.पू) | ६३०९ | ८३१६ | ३४७ | ३७९ | ६६५६ | ८६९५ |
| स्याङजा | ८९१२ | ५८७३ | ४३० | १९९ | ९३४२ | ६०७२ |
| पर्वत | ३६३५ | ३१८८ | १०४ | ११२ | ३७३९ | ३३०० |
| बाग्लुङ | ३७२५ | ३७८० | ७५ | ८४ | ३८०० | ३८६४ |
| म्याग्दी | २६६१ | २४६४ | ११२ | १०० | २७७३ | २५६४ |
| मुस्ताङ | १०४३ | ३७० | ६७ | ३४ | १११० | ४०४ |
| **कुल जम्मा** | **६९०८६** | **६५८४१** | **२८११** | **२५२३** | **७१८९७** | **६८३६४** |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०८०

## पर्यटन

८.९ पर्यटन क्षेत्र गण्डकी प्रदेश समृद्धिको प्रमुख संवाहक हो। गण्डकी प्रदेश जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधतायुक्त रहेको छ। गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा ’प्रदेश समृद्धिको आधार पर्यटनको दिगो विकास÷ लाई पर्यटन क्षेत्रको दीर्घकालीन सोच बनाएको छ।

८.१० प्रदेशको पञ्चवर्षीय योजनाले पहिचान गरेका ठूला पर्यटन पूर्वाधारमध्ये पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेको छ भने विभिन्न पर्यटन पदमार्ग निर्माण भएका छन्। गत आर्थिक वर्षमा १ लाख ४ हजार ४ सय २९ विदेशी पर्यटकले गण्डकी प्रदेशको भ्रमण गरेका छन्।

### तालिका ८-चः गण्डकी प्रदेशमा प्रवेश गरेका पर्यटकको विवरण

| आर्थिक वर्ष | राष्ट्र (पर्यटक) | सङ्ख्या | अंश (प्रतिशतमा) |
|---|---|---|---|
| २०७५/७६ | भारतीय | १२०९३८ | ४०.४५ |
| | अन्य | १७८०३७ | ५९.५५ |
| | जम्मा | २९८९७५ | १००.०० |
| २०७६/७७ | भारतीय | ४४८०९ | ३४.८३ |
| | अन्य | ८३८३९ | ६५.१७ |
| | जम्मा | १२८६४८ | १००.०० |
| २०७७/७८ | भारतीय | २२३६ | ६५.५१ |
| | अन्य | ११७७ | ३४.४९ |
| | जम्मा | ३४१३ | १००.०० |
| २०७८/७९ | भारतीय | ८४७४० | ८१.१५ |
| | अन्य | १९६८९ | १८.८५ |
| | जम्मा | १०४४२९ | १००.०० |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०७९

## पर्यटक लक्षित घरवास कार्यक्रम

८.११ पर्यटनको बृहत सम्भावना रहेको गण्डकी प्रदेशमा होमस्टे परियोजना अन्तर्गत पर्यटन पूर्वाधार निर्माण र मर्मत तथा सम्भार हुँदै आएको छ। प्रदेशभित्र सञ्चालनमा रहेका ३२४ सामुदायिक होमस्टेको पूर्वाधार विकास तथा क्षमता अभिवृद्धि कार्यक्रममार्फत प्रबर्द्धन गरिएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ११ सामुदायिक होमस्टेमा पूर्वाधार निर्माणका लागि अनुदान उपलब्ध गराइएको छ।

### तालिका ८-छः गण्डकी प्रदेशका जिल्लाहरूमा सञ्चालित होमस्टे

| जिल्ला | होमस्टे सङ्ख्या | जिल्लागत अंश (प्रतिशतमा) |
|---|---|---|
| कास्की | ४७ | १४.५ |
| गोरखा | ३० | ९.३ |
| तनहुँ | ५५ | १७.० |
| नवलपरासी (बर्दघाट सुस्तापूर्व) | १३ | ४.० |
| पर्वत | ५१ | १५.७ |
| बाग्लुङ | ३३ | १०.२ |
| मनाङ | ३ | ०.९ |
| मुस्ताङ | ४ | १.२ |
| म्याग्दी | १२ | ३.७ |
| लमजुङ | २६ | ८.० |
| स्याङ्जा | ५० | १५.४ |
| **जम्मा** | **३२४** | **१००.०** |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०७९

# ९. सामाजिक क्षेत्र

## शिक्षा

९.१ आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल ग्राहस्थ उत्पादनमा ८.२२ प्रतिशत रहने अनुमान रहेको छ भने गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा शिक्षा क्षेत्रको योगदान ८.८ प्रतिशत रहने अनुमान रहेको छ।

**चार्ट ९-कः कुल ग्राहस्थ उत्पादनमा शिक्षा क्षेत्रको योगदान (प्रतिशत)**




स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८० * अनुमानित

९.२ गण्डकी प्रदेशको १५ देखि ६० वर्ष उमेर समुहको औसत साक्षरता प्रतिशत ९६.५७ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशको ५ वर्ष माथिको साक्षरता ८१.७ प्रतिशत रहेको छ।

### चार्ट ९-खः जिल्लागत साक्षरता (५+ उमेर समूह)




स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८०

## विद्यालय, विद्यार्थी र शिक्षक

९.३ शैक्षिक वर्ष २०७५ मा गण्डकी प्रदेशमा कुल विद्यालय सङ्ख्या ४,३११ रहेकोमा शैक्षिक वर्ष २०७९ मा विद्यालयको सङ्ख्या ४,०५४ रहेको छ। यस बीचमा कोभिड-१९ को महामारीले गर्दा विद्यालय सङ्ख्यामा फरक देखिन आएको हो। आधारभुत तहमा पढाई हुने विद्यालयको तुलनामा माध्यमिक तहमा पढाई हुने विद्यालयहरूको सङ्ख्या कम रहेको छ।

### तालिका ९-क : गण्डकी प्रदेशमा रहेका विभिन्न तहका विद्यालय (शैक्षिक सत्र अनुसार)

| अनुसार तह विद्यालय | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | ४२७३ | ४२५२ | ४३२५ | ३९४८ | ३८८९ |
| आधारभूत (कक्षा ६-८) | १९२८ | १९६१ | १९७० | १९१३ | १९६६ |
| आधारभूत (कक्षा१-८) | ४३१६ | ४२९७ | ४३७० | ३९८१ | ३८८८ |
| माध्यमिक (कक्षा ९-१०) | १२६८ | १३३७ | १३८२ | १२९९ | १२९५ |
| माध्यमिक (कक्षा ११-१२) | ५६६ | ६१४ | ६१४ | ६०६ | ६०५ |
| माध्यमिक (कक्षा ९-१२) | १२८८ | १३५७ | १४०२ | १३०७ | १३३३ |
| **जम्मा विद्यालय** | **४३११** | **४३१७** | **४३४९** | **३९८७** | **४०५४** |

स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८०

९.४ शैक्षिक सत्र २०७९ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीको सङ्ख्या ५ लाख ५२ हजार ५ सय ८६ रहेको छ। अध्ययनरत विद्यार्थीमध्ये छात्रा ४८.० प्रतिशत र छात्र ५२.० प्रतिशत रहेका छन्।

### तालिका ९-खः प्रदेशका विभिन्न विद्यालयमा विद्यार्थी भर्नाको विवरण (शैक्षिक सत्र अनुसार)

| तह अनुसार विद्यालय | छात्रा/छात्र | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | छात्रा | १५५३८५ | १२५५७८ | १२४४३९ | ११६५३९ | ११६४१७ |
| | छात्र | १५५६७७ | १३७३५८ | १३६५७१ | १३२४०३ | १३३१७९ |
| आधारभूत (कक्षा ६-८) | छात्रा | ९५८५१ | ७८५८१ | ८०१९५ | ६९६१२ | ६९०३४ |
| | छात्र | ९५८७० | ७९४७१ | ८२१२० | ७४९७४ | ७५९९८ |
| आधारभूत (कक्षा१-८) | छात्रा | २५१२३६ | २०४१५९ | २०४६३४ | १८६१५१ | १८५४५१ |
| | छात्र | २५१५४७ | २१६८२९ | २१८६९१ | २०७३७७ | २०९१७७ |
| माध्यमिक (कक्षा ९-१०) | छात्रा | ५२४४७ | ५०५६३ | ५१८२८ | ४७०३० | ४५१८० |
| | छात्र | ५११५१ | ४९६७४ | ५०९७२ | ४७६२९ | ४६३९५ |
| माध्यमिक (कक्षा ११-१२) | छात्रा | ४०१६० | ३६०६९ | ३६१६१ | ३७६८१ | ३३७५१ |
| | छात्र | ३७८२९ | ३५३५२ | ३५३९६ | ३६४८३ | ३२६३२ |
| माध्यमिक (कक्षा ९-१२) | छात्रा | ९२६०७ | ८६६३२ | ८७९८९ | ८४७११ | ७८९३१ |
| | छात्रा | ८८९८० | ८५०२६ | ८६३६८ | ८४११२ | ७९०२७ |
| **जम्मा विद्यार्थी** | छात्रा | ३४३८४३ | २९०७९१ | २९२६२३ | २७०८६२ | २६४३८२ |
| | छात्र | ३४०५२७ | ३०१८५५ | ३०५०५९ | २९१४८९ | २८८२०४ |
| | जम्मा | ६८४३७० | ५९२६४६ | ५९७६८२ | ५६२३५१ | ५५२५८६ |

स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८०

९.५ आधारभूत तहको तुलनामा माध्यमिक तहको खुद भर्नादर न्यून रहेको छ। हरेक तहमा अघिल्लो वर्षको तुलनामा खुद भर्नादरमा सुधार आएको देखिन्छ। तुलनात्मक रूपमा भन्दा माध्यमिक तहको खुद भर्नादर न्यून रहेको छ।

### तालिका ९-गः गण्डकी प्रदेशमा विद्यार्थी खुद भर्नादर (शैक्षिक सत्र अनुसार)

| तह अनुसार विद्यालय | छात्रा/ छात्र | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | छात्रा | ९५.३ | ९६.६ | ९७.६ | ९६.४२ | ९६.०५ |
| | छात्र | ९६.७ | ९७.७ | ९८.० | ९४.४६ | ९७.४६ |
| | जम्मा | ९६.० | ९७.१ | ९७.८ | ९६.९४ | ९७.० |
| आधारभूत (कक्षा ६-८) | छात्रा | ९३.४ | ९५.४ | ९६.३ | ९७.१८ | ९७.३ |
| | छात्र | ९५.२ | ९५.७ | ९६.२ | ९६.९५ | ९६.९ |
| | जम्मा | ९४.३ | ९५.६ | ९६.३ | ९७.०७ | ९७.७ |
| आधारभूत (कक्षा १-८) | छात्रा | ९४.३ | ९६.० | ९७.० | ९६.८ | ९७.० |
| | छात्र | ९६.० | ९६.७ | ९७.१ | ९७.२१ | ९७.३० |
| | जम्मा | ९५.१ | ९६.४ | ९७.० | ९७.० | ९७.१० |
| माध्यमिक (कक्षा ९-१०) | छात्रा | ७०.० | ७२.३ | ७३.७ | ७४.४३ | ७९.७२ |
| | छात्र | ७०.८ | ७१.८ | ७३.२ | ७१.६६ | ७९.६१ |
| | जम्मा | ७०.८ | ७२.१ | ७३.५ | ७३.०५ | ७९.६६ |
| माध्यमिक (कक्षा ११-१२) | छात्रा | २४.० | २५.५ | ३१.४ | ३२.६४ | ३४.५९ |
| | छात्र | २३.३ | २५.२ | ३२.५ | ३५.२८ | ३५.७२ |
| | जम्मा | २३.७ | २५.३ | ३१.९ | ३३.९६ | ३५.१६ |
| **माध्यमिक (कक्षा ९-१२)** | **छात्रा** | ४७.४ | ४८.९ | **५२.६** | **५३.५** | **५७.१५** |
| | **छात्र** | ४७.१ | ४८.५ | **५२.९** | **५३.५** | **५७.६६** |
| | **जम्मा** | ४७.२ | ४८.७ | **५२.७** | **५३.५** | **५७.४१** |

स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८०

९.६ अझै पनि सामुदायिक विद्यालयहरूमा कार्यरत अस्थायी तथा राहत कोटामा कार्यरत शिक्षकहरूको सङ्ख्या ठूलो देखिन्छ। सामुदायिक विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षकको सङ्ख्या २२ हजार १ सय १९ रहेको छ।

### तालिका ९-घः सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण

| तह | दरबन्दी प्रकार | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | स्थायी | ७८९७ | ७८९७ | ११८४७ | १०६६२ | ११५१४ |
| | अस्थायी | ४७९२ | ४८९३ | ८५० | २०३५ | १३०४ |
| | राहत | १४९९ | १५३५ | १६१५ | १६१५ | १५३५ |
| आधारभूत (कक्षा ६-८) | स्थायी | २२३७ | २२३७ | २६०१ | २४४१ | २३४८ |
| | अस्थायी | ४८० | ४८० | २२१ | ३८१ | ३६९ |
| | राहत | १०७३ | १०८८ | १०७३ | १०७३ | १०८८ |
| आधारभूत (कक्षा ९-१०) | स्थायी | २०४८ | २०७२ | २१०९ | २२०९ | २०५२ |
| | अस्थायी | १४७ | १४७ | २९६ | १९६ | १६७ |
| | राहत | ८७९ | ८७९ | ८७९ | ८७९ | ८७९ |
| माध्यमिक (कक्षा ११-१२) | स्थायी | - | - | - | - | - |
| | अस्थायी | २५७ | ३३७ | २५७ | २५७ | २५७ |
| | राहत | ५८५ | ६०३ | ६३७ | ६३७ | ६०६ |
| माध्यमिक (कक्षा १-१२) | स्थायी | १२१८२ | १२२०६ | १६५५७ | १५३१२ | १५९१४ |
| | अस्थायी | ५६७६ | ५८५७ | १६२४ | २८६९ | २०९७ |
| | राहत | ४०३६ | ४१०५ | ४२०४ | ४२०४ | ४१०८ |
| **जम्मा** | | **२१८९४** | **२२१६८** | **२२३८५** | **२२३८५** | **२२११९** |

स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८०

९.७ गण्डकी प्रदेशका सामुदायिक विद्यालयहरूमा माध्यमिक तहमा विद्यालय विद्यार्थी अनुपात धेरै रहेको छ। शैक्षिक वर्ष २०७५ मा माध्यमिक तह (कक्षा ११-१२) मा विद्यालय विद्यार्थी अनुपात १३८ रहेकामा शैक्षिक वर्ष २०७९ मा यो अनुपात ११८ पुगेको छ। त्यसैगरी शिक्षक विद्यार्थी अनुपात पनि माध्यमिक तह (कक्षा ११-१२) मा एक शिक्षक बराबर ५९ विद्यार्थी रहेको छ।

### तालिका ९-ङः सामुदायिक विद्यालयमा विद्यालय, विद्यार्थी र शिक्षक अनुपात (शैक्षिक सत्र अनुसार)

| विवरण | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|---|
| **विद्यालय विद्यार्थी अनुपात** | | | | | |
| आधारभूत तह (कक्षा १-५) | ७३ | ६२ | ४९ | ६३ | ४९ |
| आधारभूत तह (कक्षा ६-८) | ९९ | ८१ | ८० | ७६ | १०१ |
| माध्यमिक तह (कक्षा ९-१०) | ८० | ७५ | ८१ | ७३ | ७७ |
| माध्यमिक तह (कक्षा ११-१२) | १३८ | ११६ | १०६ | ११७ | ११८ |
| **शिक्षक विद्यार्थी अनुपात** | | | | | |
| आधारभूत तह (कक्षा १-५) | १३ | ११ | १३ | १३ | ११ |
| आधारभूत तह (कक्षा ६-८) | ३४ | २९ | ३३ | २१ | २७ |
| माध्यमिक तह (कक्षा ९-१०) | २५ | २४ | २७ | १५ | २३ |
| माध्यमिक तह (कक्षा ११-१२) | ७७ | ५४ | ५५ | ३९ | ५९ |

स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८०

## धार्मिक विद्यालय

९.८ गण्डकी प्रदेशमा विभिन्न धार्मिक शैक्षिक संस्थाहरू रहेका छन्। प्रदेशमा रहेका ५४ धार्मिक विद्यालयमध्ये २३ गुरुकुल, १३ गुम्बा विद्यालय तथा १८ मदरसा रहेका छन्। यी विद्यालयमा विभिन्न तहमा गरी ३९४ छात्रा र २,२६३ छात्र गरी २,६५७ विद्यार्थी अध्ययनरत छन्। धार्मिक विद्यालयमध्ये गुरुकुलमा सबैभन्दा बढी र त्यसपछि क्रमशः गुम्बा र मदरसामा विद्यार्थी रहेका छन्।

### तालिका ९-चः गण्डकी प्रदेशमा रहेका धार्मिक विद्यालय र विद्यार्थी सङ्ख्या

| विद्यालयको प्रकार | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| गुरुकुल | २३ | ३७ | ७६ | १०८ | २३ | ५८४ | ६०७ | ८ | २८४ | २९२ | १ | १९७ | १९८ |
| गुम्बा विद्यालय | १३ | ६८ | ४९८ | ५६६ | १४ | १२५ | १३९ | ५ | ४२ | ४७ | ० | ० | ० |
| मदरसा | १८ | १९३ | ३११ | ५०४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **५४** | **२९८** | **८८५** | **११७८** | **३७** | **७०९** | **७४६** | **१३** | **३२६** | **३३९** | **१** | **१९७** | **१९८** |

स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८०

९.९ गण्डकी प्रदेशमा प्राथमिक तहको भर्नादरको तुलनामा माध्यमिक तहमा भर्नादर न्यून रहेको छ। आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क भएकाले पनि यस तहमा भर्नादर सन्तोषजनक देखिएको छ।

### तालिका ९-छ : विद्यार्थी भर्नादर तथा दिगो विकास लक्ष्यसँगको तुलना

| सूचक | २०७८ | २०८० लक्ष्य) | २०३० (लक्ष्य) |
|---|---|---|---|
| प्राथमिक तह (कक्षा १-५) मा खुद भर्नादर | ९६.९४ | ९९ | ९९.५ |
| प्राथमिक तह (कक्षा १-८) मा खुद भर्नादर | ९७.० | ९९.० | ९९.० |
| माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्नादर | ५३.५ | ६०.० | ८१.० |
| माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्नादर | ८२.७ | ९२.० | ९९.० |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९ र प्रदेश नीति तथा योजना आयोग, गण्डकी

## उच्च शिक्षा

९.१० गण्डकी प्रदेशमा ३ विश्वविद्यालय, १७ आङ्गिक क्याम्पस, ८३ सामुदायिक क्याम्पस तथा ५२ निजी गरी कुल १५२ उच्च शैक्षिक संस्था रहेका छन्। शैक्षिक वर्ष २०७९ मा प्रदेशका विभिन्न उच्च शैक्षिक संस्थामा अध्ययनरत कुल ३९ हजार १ सय ८५ विद्यार्थीमध्ये १४ हजार ४ सय ७६ पुरुष र २४ हजार ७ सय ९ महिला रहेका छन्। संकायगतरूपमा सबैभन्दा धेरै विद्यार्थी व्यवस्थापन संकायमा अध्ययनरत छन्। स्नातक तहमा अध्ययनरत विद्यार्थीको तुलनामा स्नातकोत्तर तहमा कम र विद्यावारिधि गर्दै गरेका विद्यार्थी ज्यादै न्यून रहेका छन्।

### तालिका ९-जः प्रदेशका उच्च शैक्षिक संस्थाहरूमा विभिन्न तहमा अध्ययनरत विद्यार्थी सङ्ख्या

| संकाय | स्नातक तह | | स्नातकोत्तर तह | | विद्यावारिधी | | कूल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा |
| कृषि | २९५ | २७७ | | | | | २९५ | २७७ | ५७२ |
| शिक्षाशास्त्र | १५७६ | ७५८६ | | | | | १५७६ | ७५८६ | ९१६२ |
| इञ्जिनियरिङ | २५८५ | ६०० | १४८ | २४ | | | २७३३ | ६२४ | ३३५७ |
| बनविज्ञान | ४५ | ५१ | | | | | ४५ | ५१ | ९६ |
| मानविकी तथा समाजशास्त्र | ९२७ | ८२६ | २५३ | १६२ | १५ | २ | ११९५ | ९९० | २१८५ |
| कानून | २१८ | १३६ | | | | | २१८ | १३६ | ३५४ |
| व्यवस्थापन | ५३३४ | ११५४५ | ८४९ | १०१३ | ७ | ३ | ६१९० | १२५६१ | १८७५१ |
| मेडिसिन | ९३२ | १५५० | १२१ | ९५ | | | १०५३ | १६४५ | २६९८ |
| विज्ञान तथा प्रविधि | ७१६ | ७५८ | १११ | २८ | | | ८२७ | ७८६ | १६१३ |
| संस्कृत | ३२९ | ५३ | १५ | ० | | | ३४४ | ५३ | ३९७ |
| **जम्मा** | **१२९५७** | **२३३८२** | **१४९७** | **१३२२** | **२२** | **५** | **१४४७६** | **२४७०९** | **३९१८५** |

स्रोतः विश्वविद्यालय अनुदान आयोग, २०७९

९.११ विभिन्न संकायका स्नातक तहमा अध्ययनरत कुल छात्र १४ हजार ४ सय ७६ र छात्रा २४ हजार ७ सय ९ रहेका छन्। यस्तै, स्नातकोत्तर तहमा अध्ययनरत छात्र १,३२२ तथा छात्रा १,४७७ रहेका छन्। गण्डकी प्रदेशका विश्वविद्यालयलयमा विद्यावारिधी अध्ययनरत विद्यार्थी मध्ये २२ पुरुष र ५ महिला रहेका छन्। संकायगत रूपमा व्यवस्थापन संकायमा १७ तथा मानविकी तथा समाजशास्त्रमा १० शोधार्थी रहेका छन्।

## गण्डकी विश्वविद्यालय

९.१२ २०७६ सालमा विश्वविद्यालय स्थापना भए पश्चात् शैक्षिक वर्ष २०७८/७९ देखि स्नातक तहको ४ वर्षीय ३ संकाय रहेका छन्। २०७९ फागुनसम्म ३ संकाय अन्तर्गत ५ स्नातक तहका कार्यक्रम सञ्चालनमा रहेका छन्।

### तालिका ९-झः गण्डकी विश्वविद्यालयमा सञ्चालित कार्यक्रम र विद्यार्थी सङ्ख्या

| संकाय | सञ्चालित कार्यक्रम | विद्यार्थी सङ्ख्या | क्रेडिट आवर |
|---|---|---|---|
| विकास तथा व्यवस्थापन | Bachelor in Sports Management | ३५ | १५६ |
| | Bachelor of Business Administration | ५३ | १२० |
| | Bachelor of Arts and, Bachelor of Law | ८८ | १९० |
| चिकित्सा विज्ञान संकाय | Bachelor of Pharmacy | ३३ | १६८ |
| विज्ञान तथा प्रविधि | Bachelor of Information Technology | १०४ | १३८ |
| **जम्मा** | | **३१३** | |

## प्राविधिक शिक्षा

९.१३ गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त गरी सञ्चालित आङ्गिक शिक्षालयहरू १२, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालित ५९, साझेदारीमा सञ्चालित ६ र बाँकी ३५ निजी संस्थाहरू सञ्चालित छन्।

### तालिका ९-ञः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्थाहरू

| कार्यक्रम | आङ्गिक शिक्षालय | सामुदायिक विद्यालयमा | सार्वजनिक निजी सामुदायिक साझेदारी | सम्बन्धन प्राप्त | जम्मा | छोटो अवधिका तालिम दिने |
|---|---|---|---|---|---|---|
| प्रिडिप्लोमा कार्यक्रम सञ्चालित संस्थाहरू | २ | ३९ | १ | २८ | ७० | ९९ |
| डिप्लोमा कार्यक्रम सञ्चालित संस्थाहरू | १० | ३८ | ५ | ३० | ८३ | |
| **जम्मा संस्थाहरू** | **१२** | **५९** | **६** | **३५** | **१५३** | |

स्रोतः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, २०७९

९.१४ शिक्षा तथा मानवस्रोत विकास केन्द्र तथा सम्बन्धीत स्थानीय तहबाट अनुमति पाएका कक्षा ९-१२ मा प्राविधिक धारमा सञ्चालित विद्यालय ५२ रहेका छन्।

### तालिका ९-टः प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय कक्षा ९-१२ विद्यार्थी विवरण*

| प्राविधिक धार | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| इञ्जिनियरिङ विषय | ९०७ | १४५२ | २३५९ |
| कृषि विषय | १०२४ | ९९८ | २०२२ |
| **जम्मा** | **१९३१** | **२४५०** | **२०२२** |

स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी, २०७९ *शैक्षिक सत्र २०७९

९.१५ शैक्षिक वर्ष २०७९ मा गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गतका विभिन्न शैक्षिक संस्थाहरूमा अध्ययतरत कुल २,४५२ विद्यार्थी मध्ये १,१३१ छात्र र १,३२१ छात्रा रहेका छन्। विषयगत रूपमा हेर्दा सबैभन्दा बढी इञ्जिनियरिङ विषयमा ८३२, स्वास्थ्य सम्बन्धी विषयहरूमा ६९६, बाली विज्ञान र पशुविज्ञान तर्फ क्रमशः ४४२ र ४०६ र होटल म्यानेजमेण्टतर्फ ७६ विद्यार्थी अध्ययतरत छन्।

### चार्ट ९-ग प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट विभिन्न विषयमा अध्ययनरत विद्यार्थी*




स्रोतः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, २०७९ *शैक्षिक सत्र २०७९

## स्वास्थ्य सेवा

९.१६ गण्डकी प्रदेशले स्वास्थ्य क्षेत्रमा सुधारको लागि जिल्ला अस्पतालको सुदृढीकरण र विशिष्टीकृत अस्पताल (सरुवा रोग, महिला तथा बाल, मुटु, मृगौला र क्यान्सर) को स्थापना र सञ्चालनमा जोड दिँदै आएको छ। साथै, नेपाल सरकार र स्थानीय तहको सहकार्यमा आधारभूत स्वास्थ्य सेवाको पहुँच सबै नागरिकलाई पुऱ्याउने र कुपोषण न्यूनीकरण गर्ने जस्ता कार्यलाई प्रथमिकतामा राखेको छ।

९.१७ सरकारी प्रयासको बावजुद पनि कुल ग्राहस्थ उत्पादनमा स्वास्थ्य तथा सामाजिक कार्यको योगदान न्यून रहेको छ। आर्थिक वर्ष २०७९/८० मा समग्र नेपालको कुल ग्राहस्थ उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलपको योगदान १.९२ प्रतिशत हुने अनुमान छ भने गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा २.४ प्रतिशत हुने अनुमान रहेको छ।

## चार्ट ९-घः कुल ग्राहस्थ उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यको योगदान (प्रतिशतमा)




स्रोतः तथ्यांक कार्यालय पोखरा, २०७९ ** अनुमानित

९.१८ २०७९ फागुनसम्म गण्डकी प्रदेशभित्र रहेका स्वास्थ्य संस्थाको सङ्ख्या १,१४४ पुगेको छ। २०७९ असारमा यस्तो सङ्ख्या १०७७ रहेको थियो। चालु आर्थिक वर्षमा केही स्वास्थ्य संस्थालाई प्रदेश मातहत ल्याईएको हुँदा यस अवधिमा स्वास्थ्य संस्थाको सङ्ख्या उल्लेख्य बढेको देखिएको हो। प्रदेशभित्रका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको सङ्ख्या २०७९ फागुनसम्म ६,१३४ पुगेको छ।

### तालिका ९-ठः स्वास्थ्य सेवा र सुविधामा विस्तार

| विवरण | २०७७ असार | २०७८ असार | २०७९ असार | २०७९ फागुन |
|---|---|---|---|---|
| १. जम्मा स्वास्थ्य संस्था | १०३७ | १०७८ | १०७७ | ११४४ |
| (क) सरकारी अस्पताल | १९ | १९ | १९ | ४८ |
| (ख) निजी अस्पताल | ६९ | ७० | ६९ | ६९ |
